# बुद्धको विचारधारा



लेखक

भिक्षु अश्वघोष

Downloaded from http://dhamma.digital

# बुद्धको विचारधारा

लेखक

**भिक्षु अश्वघोष**

आनन्दकुटी

स्वयम्भू

Downloaded from http://dhamma.digital

प्रकाशक

**श्री दुर्गादास रंजीत**

तथा

**श्रीमती लक्ष्मीदेवी रंजीत**

टेकु, काठमाडौं

बुद्ध सं० २५३२
ई० सं० १९८९
वि० सं० २०४५
ने० सं० ११०९

प्रथम संस्करण १०००

**मुद्रक:– शोभा भगवती प्रिन्टिङ्ग प्रेस**

ढल्को, क्षेत्रपाटी, काठमाडौं ।

Downloaded from http://dhamma.digital

# धर्मदान

प्रस्तुत पुस्तकको धर्मदान द्वारा
सबै पाठकवर्गमा धर्मचेतना र प्रज्ञा जागृत होस् ।



श्रीमती लक्ष्मीदेवी रंजित

Downloaded from http://dhamma.digital

# आफ्नो कुरा

प्रस्तुत पुस्तकको शीर्षक "बुद्धको विचारधारा" राखिदिएँ। तर यसमा बुद्धको विचारधारा संगै मेरो आफ्नो विचार पनि मिसाईदिएको छु।

पुस्तकको प्रकाशक श्री दुर्गादास रंजितको एक हार्दिक इच्छा थियो कि उहाँका श्रीमतीको अभिलाषा –"कि बुद्धको व्यवहारिक शिक्षा सम्बन्धी एउटा पुस्तक प्रकाशन गरौं" – पुरा गर्न सकोस्। नेपालमा प्रचलित चलन छ कि मृत्युपछि पुण्यस्मृतिमा पुस्तक प्रकाशन गर्नु भन्दा जिउँदै छँदा सो काम गर्नु बढी उपयोगी छ भन्ने श्री रंजितको धारणा अनुकरणीय छ। त्यसैले श्री रंजितले आफ्नो श्रीमती लक्ष्मी देबी रंजितको इच्छा उहाँ जिउँदै छँदा पुरा गर्ने अठोटले यो पुस्तक प्रकाशन गर्नु भएको हो। यस्ता व्यवहारिक र प्रगतिशील विचारधारालाई मेरो साधुबाद छ। श्रीमती रंजितको अन्तिम अभिलाषा पनि पुरा गर्ने हेतुले श्री रंजितले व्यवहारिक र गृहस्थ जीवन उपयोगी पुस्तक लेख्नु हुन गरिएको अनुरोध स्वरूप यो पुस्तक मैले लेखेको हुँ।



Downloaded from http://dhamma.digital

आफ्नो मातृभाषालाई छाडी नेपालीमा म यो पुस्तक लेख्न बाध्य भएको छुँ, कारण यो पुस्तक विशेषत: मैले उपत्यका बाहिरका पाठकहरूको लागी लेखेको हुँ। नेपाली भाषाको राम्रो ज्ञान नभएता पनि त्यसैले नेपालीमै यो पुस्तक लेख्न मलाई कर लाग्यो। कुनै पनि भाषाको पूर्ण ज्ञान नभइकन सो भाषामा लेख्नु र बोल्नु हुन्न भन्ने कोही कोही मातृभाषा प्रेमीहरूको धारणा मलाई निको लागेन। लेख्दै नलेखेमा जान्ने कसरी ? शैलीको बिकास कसरी ? यस्तै धारणा हुने मातृभाषा प्रेमीहरूलेनै होला उपत्यका बाहिरका-हरूले बोलेको मातृभाषालाई गिज्याउनं !

मेरो अनुरोधमा श्री सुवर्ण शाक्यले यस पुस्तकको पाण्डुलिपि शुद्ध गरिदिनु भयो। आफ्नो व्यस्ततम समयमा पनि मेरो अशुद्ध भाषालाई संशोधन गर्नु भएकोमा म उहाँ प्रति आभारी छुँ। प्रकाशक श्री दुर्गादास रंजितप्रति पनि पुस्तक प्रकाशन गरिदिनु भएकोमा म कृतज्ञ छुँ। अन्तमा शोभा भगवति प्रिन्टिङ्ग प्रेसलाई पनि प्रूफ संघारामसम्म पुऱ्याई मद्दत गर्नु भएकोमा धन्यवाद।

भिक्षु अश्वघोष
संघाराम भिक्षु तालिम केन्द्र
लुति, ढल्को, क्षेत्रपाटी

५ माघ, (२०४५) बु. सं. २५३२



Downloaded from http://dhamma.digital

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| १. गौतम बुद्धको सन्देश र व्यक्तित्व | १ |
| २. बुद्धको दूरदर्शी विचार | ९ |
| ३. अशिक्षित भिक्षुहरूलाई बुद्धको शिक्षा | १२ |
| ४. अभयराजकुमार र बुद्धको विवाद | १६ |
| ५. वर्तमान जीवनको महत्व | २० |
| ६. जन्म लिने केही सत्ता छैन | २३ |
| ७. कर्मफल | २८ |
| ८. देवदत्त र बुद्ध | ३२ |
| ९. साँचो कुरा भए पनि सबै भन्नु हुन्न | ३९ |
| १०. भूतबारे बुद्धको बिचार | ४१ |
| ११. बुद्धको आर्थिक विचार | ४६ |


Downloaded from http://dhamma.digital

# गौतम बुद्धको सन्देश र व्यक्तित्व

गौतमबुद्ध पहिले राजकुमार थियो । तर वहाँ राजदरबारमा जन्मनु भएन । कपिलवस्तुका राजकुमार लुम्बिनीको शालोद्यानमा एउटा रूख मुनि जन्मनु भयो भने बुद्धत्व लाभ र महापरिनिर्वाण पनि रूखमुनि नै भयो । यो अनौठो संयोगको कुरा हो ।

'रूख' परोपकारी र निस्वार्थी सेवाको प्रतीक हो । सिद्धार्थ गौतम राजदरबारमा जन्मेको भए शायद महामानव हुनु हुन्नथ्यो होला । अनोठो कुरा बुद्धत्व लाभ गर्नु हुने सिद्धार्थ गौतमले विवाह गरेर पुत्ररत्नको बाबु बन्नु भयो ।

अर्को अनौठो कुरा छोराको बाबु बन्नु भए पछि राजदरबार त्याग्नु भयो । धेरै जसोले घरको जीवन चक्रदेखि वाक्क भएर विरक्तिई सन्यासी भई घर छाड्छन् । तर सिद्धार्थ गौतम दरबारी विलासमय जीवन र दरबार बाहिरको कष्टमय जीवन बीच धेरै असन्तुलन देखेर ती दुइ बीच सन्तुलन ल्याउन घर छाडेका हुन् भन्ने कुरा वहाँको प्रथम सन्देशबाट स्पष्ट हुन आउँछ ।



Downloaded from http://dhamma.digital

बुद्धजीवनी लेख्ने दार्शनिकहरूले बूढो, रोगी, मृतक र भिक्षुलाई देखेर सिद्धार्थ गौतमले गृहत्याग गरेको कुरा उल्लेख गरेका छन् ।

बुद्ध स्वयंले भन्नु भएको आत्मकथा अनुसार त त्यस्तो कुरा देखिंदैन । अंगुत्तरनिकाय अनुसार राजदरबारमा बस्नुहुँदा नै चारै कुरा वहाँलाई थाहा थियो । यस कुरातिर धेरै चर्चा नगरों । हामीलाई चाहेको वहाँको सन्देश र विचारले जन जीवनलाई कति सम्म लाभकारी बनाउँछ र कति सम्म बहुजन हिताय हुन्छ । जन जीवन दुःखबाट मुक्त हुनको लागि अथवा साधारण जन जीवनमा शान्ति स्थापनाको लागि वहाँले के उपाय बताउनु भएको छ त्यसको बिषयमा चर्चा गर्नु र अध्ययन गर्नु नै यो पुस्तक लेख्नुको मूल उद्देश्य हो ।

राजदरबार त्यागेर वहाँले सम्पूर्ण रूपमा विलाषी जीवनलाई तिलाञ्जली दिनुभयो । अनेक कष्ट सहेर खाँदै नखाएर कष्टमय जीवनको अनुभव गर्नुभयो । ६ वर्ष सम्म तपस्या गरेर पनि वहाँले दुःखबाट मुक्ति पाउने बाटो अथवा ज्ञान प्राप्त गर्न सक्नु भएन ।

तपस्या गरेर वहाँले एउटा कुरा थाहा पाउनु भयो कि शरीर बलियो नभइकन मस्तिष्क पनि काम लाग्दैन । आध्यात्मिक र मानसिक विकासको लागि भौतिक पक्ष पनि त्यत्ति कै विकास हुनु आवश्यक भएको महसूस गर्नु भयो ।



Downloaded from http://dhamma.digital

अन्तमा वहाँले शरीरलाई अतिसुखी बनाउनु अर्थात् बिलासमय जीवन बिताउनु, त्यस्तै शरीरलाई कष्टमय बनाउनु अर्थात् आधारभूत आवश्यकता विनाको जीवन ठीक छैन भन्ने तिर लाग्नु भयो। वहाँले दरबारमा वसेर विलासी जीवनको र तपस्या गरेर दुःखी जीवको अनुभव गरेर यी दुबै प्रकारका जीवन गलत मार्ग हुन् भनी थाहा पाउनु भयो। किनकि यी दुबै अति मार्ग हुन्। तब तपस्या गर्न छोड्नु भयो। शरीरको लागि आवश्यक खाना लिनु भयो। तपस्या गर्नु व्यर्थ हो भनी घोषणा गर्नु भयो। यसबाट भौतिक र आध्यामिकका बीच घनिष्ट सम्बन्ध भएको कुरो स्पष्ट हुन गयो।

सिद्धार्थको उक्त निष्कर्षले पूर्वाग्रहमा लागेका र तपस्यामा विश्वास गर्नेहरूको मस्तिष्कमा भुइचालो आयो। सिद्धार्थ सबै आचार्यहरूको सिद्धान्तलाई त्यागी एक्लै वोधिवृक्ष ( पीपलको रूख ) मुनि बसी स्वतन्त्र चिन्तनले प्रकृति नियमको बारेमा र अन्तर्मुखी भएर ध्यानमग्न हुनु भयो।

वहाँले संसार दुःखमय र संघर्षमय छ। दुःखको कारण जति भए पनि नपुग्ने बनाउने तृष्णा हो र दुःखलाई नाश गर्न पनि सक्छ। त्यसको लागि उपाय पनि छ भनी वहाँले यथार्थ रूपमा बुझ्नु भयो र आफुलाई राम्रो सँग चिन्नु भयो। अनि उहाँ बुद्ध हुनु भयो। सिद्धार्थ गौतमको स्थान गौतम बुद्ध कहलाउनु भयो।



Downloaded from http://dhamma.digital

बुद्धत्व लाभ गरेपछि एक दिन उहाँ सारनाथ तिर धर्म प्रचारार्थ गइरहनु भएको थियो। बीच बाटोमा एकजना त्यागी उपक आजीवक ( निर्वस्त्र ) सित उहाँको भेट भयो। बुद्धको व्यक्तित्व देखि अति प्रभावित भएको आजीवकले प्रश्न गर्नु भयो – तपाईंको अनुहार अति तेजिलो र शान्त छ, तपाईं को हुनुहुन्छ ? तपाईंको गुरु को ?

बुद्धको उत्तर थियो – मैंले बोधिज्ञान प्राप्त गरें, मलाई बुद्ध भन्दछन्। मेरो गुरु कोही छैन। आफ्नै मेहनत र उत्साहले ज्ञान लाभ गरेको हुँ।

गुरु प्रतिको विश्वास भएको पूर्वाग्रह भएका उपक आजीवकको मस्तिष्कमा भुईंचालो गयो। कस्तो नौलो विचार सुन्न पाएको, गुरु बिनानै बुद्ध हुने भनी टाउको हल्लाई व्यंग गरेर आफ्नो बाटोमा लागे।

उपकको कुरा गौतम बुद्धको मनमा अलि चिसोको अनुभव भयो। वहाँले मानिसहरूको संस्कार वा हृदयपरिवर्तन गर्नु सजिलो छैन भनी अनुभव गर्नु भयो। तर सबै मूर्ख त होओइनन् भनी विचार गरे।

एक दिन गौतम बुद्ध उक्कट्ठा र सेतव्या दुई नगर बीच हिंडिरहेको बेला बाटोमा गईरहेको द्रोण नामक ब्राह्मणले भगवान बुद्धको पद चिह्न देखेर "साँच्चै नै यो पद चिह्न साधारण मानिसको होइन" भन्ने विचार गर्दै जाँदा गौतम बुद्ध एक रूख मुनि बसिरहनु भएको देख्यो। अनि शान्त



Downloaded from http://dhamma.digital

पूर्वक बसिरहनु भएको बुद्ध कहाँ गएर निम्न लिखित प्रश्न गर्नु भयो –

ब्राह्मण–तपाईं देउता हुनु हुन्छ ?
बुद्ध –ब्राह्मण, म देउता होइन ।
ब्राह्मण–तपाईं गन्धर्व हुनु हुन्छ ?
बुद्ध –ब्राह्मण, म गन्धर्व पनि होइन ।
ब्राह्मण–तपाईं राक्षस हुनु हुन्छ ?
बुद्ध –ब्राह्मण, म राक्षस पनि होइन।
ब्राह्मण–तपाईं मानिस हुनु हुन्छ ?
बुद्ध –ब्राह्मण, म मानिस पनि होइन ।

ब्राह्मण– म त अन्योलमा परें। मैले सोधेको प्रश्नको उत्तर तपाईंले नकारात्मक रूपमा दिनु भो। आखिर तपाईं को हुनु हुन्छ ?

बुद्धले भन्नु भयो– ब्राह्मण, यदि म देउता भए, देउतामा भएको लोभ, मोज मज्जा आदिमा आसक्त हुने इच्छा मन हुनु पर्ने हो, तर त्यस्तो सबै प्रकारका विकारहरू-बाट मुक्त भएँ। त्यसैले म कुनै देउता होइन। त्यस्तै गन्धर्वमा भएको विकृति ममा छैन। त्यसैले म गन्धर्व होइन। फेरि म यक्ष भए उनमा भएको राग, रीस र जंगलीपना। ममा हुनु पर्ने हो त्यस्तो अवगुणबाट सम्पूर्णरूपमा म मुक्त भएँ। त्यसैले म राक्षस पनि होइन।

ब्राम्हण,म साधारण मानिस भए उनमा भएको लोभ,



Downloaded from http://dhamma.digital

द्वेष र मोह ईर्ष्या छलकपट आदि दुर्गुण ममा हुनु पर्ने । तर त्यस्तो दुर्गुण पनि ममा छैन । त्यसैले म मानिस पनि होइन । अतः म सबै प्रकारको दुर्गुण नभएकोले सबै भन्दा माथि पुगेको मानिस हुँ । "उत्तरीय मनुस्सो" सारांशमा भन्ने हो भने –

अभिञ्ञेय्यं अभिञ्ञातं भावेतब्बं च भावितं,
पहातब्बं पहीनं मे तस्मा बुद्धोस्मि ब्राह्मण !

अर्थात हे ब्राह्मण जान्नुपर्ने चार आर्यसत्य जानी सकें, अभ्यास गर्नु पर्ने आर्य अष्टांगिक मार्ग अभ्यास गरिसकें । छाड्नुपर्ने तृष्णालाई मैले त्यागिसकें । त्यसैले म बुद्ध हुँ ।

द्रोण ब्राह्मणसित बुद्धको छलफल भए अनुसार सिद्धार्थ कुमारले सम्पूर्ण मानव दुर्गुणहरूलाई त्यागेर बुद्ध हुनु भएको बुझिन्छ । अब बुद्धमा कुनै प्रकारको लालच, ईर्ष्या, अभिमान आदि दुर्गुण रहेनन् । वहाँ शुद्ध व्यक्ति हुनु भएको छ । वहाँको कुनै प्रकारको क्लेश मल छैन भन्ने स्पष्ट हुन्छ ।

सिद्धार्थ कुमारको समय देखि बुद्धत्व प्राप्त नहुञ्जेल सम्म साधारण मानिस नै थिए । बुद्ध हुनु भए पछि साधारण मानिसमा भएको दुर्गुणहरूलाई सम्पूर्णरूपमा नाश गरीसके पछि उहाँ महामानव हुनु भयो, किनकि साधारण मानिसमा देखा नपर्ने शुद्ध मैत्री, करुणा, मुदिता र उपेक्षा वहाँमा विद्यमान रह्यो । तर वहाँको व्यवहार शुद्ध मानिस जस्तै थियो ।



Downloaded from http://dhamma.digital

वहाँ सर्वसाधारण मानिसले बुझ्ने भाषा बोल्नु हुन्थ्यो । उहाँ साधारण मानिसले खाने जस्ता खाना नै खानु हुन्थ्यो । सर्व-साधारण मानिसलाई जस्तै गौतम बुद्धलाई पनि पेट दुख्ने आदि रोग हुन्थ्यो र भोक पनि लाग्थ्यो । तर मानसिक शक्ति भने साधारण मानिसको भन्दा धेरै माथि पुगेको थियो । वहाँमा सहन शक्ति अपूर्व थियो । वहाँको व्यवहार कुशलता आश्चर्यजनक थियो । त्यसैले वहाँ महामानव हुन पुग्नु भयो । तै पनि वहाँ प्रकृति नियमबाट मुक्त हुनु हुन्नथ्यो । बुद्ध बूढो हुनु भयो । जब वहाँ अस्सी (८०) वर्ष पुग्नुभयो, तब वहाँले भन्नु भयो ।

परिपक्को वयोमय्हं–परित्तं मम जीवितं
पहाय वो गमिस्सामि–कतं वो सरणमत्तनो

अर्थ– म अब बूढो भएँ । म केही दिन मात्र बाच्छु । तिमीहरूलाई छाडेर म जाँदैछु । मैले तिमीहरूलाई गर्नु पर्ने कर्तव्य गरिसकें । त्यही तिमीहरूको लागि शरण र भरोसा भयो ।

साधारण मानिसले आपनो छोरा–छोरीहरूलाई अन्तिम अवस्थामा भने जस्तै बुद्धले भन्नु भएको देखिन्छ । यसले वहाँ मानिस नै हुन् भन्ने बुझिन्छ तर श्रेष्ठतर मानिस हुन् ।

चुन्द कामीले दिएको भोजन गरे पछि बुद्ध अस्वस्थ हुनु भयो । खाएको पच्न सकेन र वहाँ रोगग्रस्त हुनु भयो ।



Downloaded from http://dhamma.digital

त्यस बेला वहाँले आनन्द भिक्षुलाई बोलाएर भन्नु भयो,– "इध मे त्वं आनन्द पानोयं आहर, पिपासितोम्हि आनन्द पिविस्सामि"

आनन्द, मलाई पानीको धेरै प्यास लागेको छ, छिटो पानी अलिकति ल्याइदेउ । यहाँ वहाँले प्रयोग गर्नु भएको भाषा अनुसार वहाँ रोगी हुनुहुन्छ भन्ने बुझिन्छ ।

गौतम बुद्ध साधारण मानिस नभएता पनि वहाँको जीवनी अध्ययन गर्दा वहाँमा मानवताका साथै महामानवीय गुणविद्यमान भएका प्रमाणहरू पाउँछौं । तलका केही उदाहरणहरूले यो कुरा स्पष्ट हुन्छ ।

गौतम बुद्धको अतिरूपसम्पन्न अनुहार देखी प्रभावित भएको वक्कलि नामक एकजना व्यक्ति वहाँको मुखमात्रै हेरी रहन निमित्त बुद्ध कहाँ गएर भिक्षु हुन पुगेको छ। जहिले पनि भगवान बुद्धको सामुन्ने बसेर वहाँको मुखमात्र हेरिरहने उसको बानी भयो। अनि गौतम बुद्धले भन्नु भयो।

हे वक्कलि, मलमूत्रले भरिएको मेरो शरीर हेरेर तिमीलाई के फाइदा ? "किं ते वक्कलि इमिना पूति कायेन ?" यस कथनले बुद्धको शरीर साधारण मानिसको जस्तै हाड, मासु, रगत र मलमूत्रले भरिएको हो भनी बुझिन्छ। अर्को कुरो वहाँले शरीर अशुभ वस्तु हो भनी बुझ्नु भएको छ र धर्मआचरण नगरी श्रद्धा मात्र देखाउने बानी वहाँलाई मन नपरेको कुरा पनि देखिन्छ । यो वहाँको महामानवीय लक्षण हुन् भन्ने बुझिन्छ । ○



Downloaded from http://dhamma.digital

# बुद्धको दूरदर्शी विचार

गौतम बुद्ध अस्सी (८०) वर्षको उमेरमा परिनिर्वाण हुनु भयो। वहाँ मृत्यु शैय्यामा हुनु भएको अन्तिम अवस्थामा भिक्षुहरूलाई बोलाई वहाँले भन्नु भयो–भिक्षुहरू, तिमीहरूमा बुद्ध, धर्म र संघको बारे केही शंका छ भने अहिले सोध्नु, नत्रभने पछि पश्चाताप गर्नु पर्ला। बुद्ध रहुंजेल सम्म सोध्नु सकेन, अहिले मनमा रहेको शंका कसरी निवारण गर्ने भन्ने पछि अपसोच गरिरहनु पर्ला।

गौतम बुद्धले साना साना नियमहरू छोडे पनि हुन्छ भन्नु भएको थियो। तर त्यसबेला सबै भिक्षुहरू चुपलागी बसे। बुद्धको परिनिर्वाण हुने खबरले सबै भिक्षुहरू शोकाकुल भइ बेहोश भई बसेका हुन् कि! कसैले केही प्रश्न गरेनन्। कसैले साना साना नियम भनेका के हुन् भनी सोध्न बिर्सेछ। अरहन्त हुनु भएका भिक्षुहरू पनि बुद्ध अब यस संसारमा न रहने भयो भनी शोकाकुल भई बस्नु भएको जस्तो लाग्छ।

गौतम बुद्धले भन्नु भए जस्तै संगायनाको बेलामा बुद्ध धर्म प्रति र बुद्धले बनाई दिनु भएको साना साना नियमको



Downloaded from http://dhamma.digital

विषयमा वाद विवाद हुनु पुग्यो । साना साना नियम छोड्नु को सट्टा उल्टो अनावश्यक मामुलि नियम थपियो । अंगुत्तर निकायमा उल्लेख भए अनुसार १२५ (एकसय पच्चीस) मात्र भिक्षुहरूको लागि नियमहरू थिए । तर संगायना पछि २२७ नियम भएको अनुमान गरिन्छ । भिक्षुणीहरूको लागि त तीनसय भन्दा बढी नियम हुन पुग्यो जसले गर्दा भिक्षुणी शासन नै अन्त हुन पुग्यो (थेरवादमा मात्र) ।

साँच्चै नै बुद्धले स्पष्टरूपमा भन्नु भएको बेलामै वहाँको सम्मुख प्रश्न गरेर शंका समाधान गरेको भए भिक्षुहरूका बीच आज पनि विकृति न आउने थियो ।

भगवान् बुद्ध परिनिर्वाण (मृत्यु) हुनै लाग्यो । धेरै भिक्षुहरू र उपासक उपासिकाहरू आएर धेरै सुगन्धित फूल र सुगन्धित धूप बाली पूजा गर्न थाले । धूप बत्तिको धुंवा र मानिसहरूको हूलले गर्दा तथागतलाई असुबिधा हुन गयो । अनि बुद्धले भन्नु भयो–

"ए आनन्द, तिमीले के गरेको, के पुष्प धूपले पूजा गरेर मुक्ति पाउँछ ? मैले दिएको शिक्षा र सन्देश अनुसार अथवा धर्म अनुसार आचरण गरे मात्र मलाई सम्मान र पूजा गरेको हुन्छ र मुक्ति पाउँछ।

आनन्द भिक्षुले सोधे–हे भगवन्, तपाईंको परिनिर्वाण पछि तपाईं प्रति कसरी पूजा सम्मान गर्ने केही निर्देशन दिनु हुन्छ कि ?



Downloaded from http://dhamma.digital

बुद्धले भन्नु भयो– हे आनन्द, मेरो शरीर प्रतिपूजा सत्कार गर्ने भिक्षुहरूको काम होइन। भिक्षुहरूले मैले दिएको शिक्षा अनुसार आचरण गरे मात्र मलाई पूजा सम्मान गरेको हुन्छ ।





Downloaded from http://dhamma.digital

# अशिक्षित भिक्षुहरूलाई बुद्धको शिक्षा

धेरै जनाको विश्वास हो बुद्धले अरूको चित्त दुख्नें गरी कुरा गर्दैनन् । भनिन् पनि छ बुद्धलाई रीस उट्दैन । जहाँसम्म मेरो विचार छ बुद्ध महामानव भए पनि वहाँको शरीर ढुङ्गाको होइन । जति आध्यात्मिक उन्नति भएता पनि भौतिक परिस्थितिसित घनिष्ट सम्बन्ध रहन्छ । बाहिरी वातावरण र परिसर ठीक हुँदैन भने आध्यात्मिक वातावरण पनि ठीक हुन सक्तैन । यो मेरो अनुभव हो । हुन सक्छ यो कथन मन कमजोर भएकाहरूका । तर वास्तबिकरूपमा सत्य कुरो हो भौतिक र आध्यात्मिकमा नङ र मासु जस्तै सम्बन्ध रहेको हुन्छ । तल दिइएको घटनाबाट बुझ्न सकिन्छ कि गौतम बुद्धले पनि कडा बोली र अप्रिय बोली बोलेको पालि बौद्ध साहित्यमा यत्र-तत्र पाइन्छन् । तर त्यो हित चिन्तकको रूपमा र सुधार गर्ना निमित्त हो द्वेष चित्तले होइन भन्ने कुरा स्पष्ट छ ।

वक्कली नामक भिक्षुलाई पनि "यहाँ न बस बाहिर



Downloaded from http://dhamma.digital

न बस भन्नु भए पछि "आत्म हत्या गर्छु।" भन्ने विचार गरेर भिक्षु वक्कली पहाड माथी जानु भयो। यो कुरा थाहापाई गौतम बुद्ध स्वयं वहाँ जानु भई उनलाई माया गरी सम्झाउनु भयो। उनी होशमा आए।

भगवान् बुद्धको आज्ञा अनुसार भिक्षुहरू गाउँ गाउँमा धर्म प्रचार गर्न गए। उनीहरू मध्येमा यशोज नामक भिक्षु पनि थिए। उनी अति शान्त स्वभावका र धर्मकथिक थिए। यशोज भिक्षुको धर्मकथा सुनेर गाउलेहरू साह्रै प्रभावित भई सैकडौंको संख्यामा भिक्षु बन्न पुगे।

आफ्नो गुरु यशोजको मुखबाट बुद्धको प्रशंसा र व्यक्तित्व बारे वर्णन सुनी उनका धेरै शिष्यहरू बुद्धको दर्शन गर्न इच्छुक भए। उनीहरूले प्रार्थना गरे कि एक चोटी बुद्धको दर्शन गर्न पाए स्वतः मुक्ति पाइन्छ।

यशोज भिक्षुले भन्नु भयो– अहिले तिमीहरूले सिक्नु पर्ने कुरा धेरै छन्। तिमीहरूले शिक्षित हुनु पर्छ। बुद्धकहाँ जानेलाई संयमित बन्नु आवश्यक छ र अनुशासित ढंगमा बस्न सिक्नु पर्छ। अहिले बुद्धको दर्शन गर्न हतार नमान। तर भिक्षुहरू मानेनन्। "हामी अनुशासित भएर बसौंला, बुद्ध कहाँ लै जानुस" भनी जिद्दी गरेर प्रार्थना गरे।

भनेको मान्दैनौ भने हुन्छ हिँड भनी पाँचसय भिक्षुहरू साथै लिएर यशोज भिक्षु बुद्धकहाँ जानु भयो।

श्रावस्तीस्थित जेतवन बिहारमा पुग्ना साथ उनीहरूले आवासीय भिक्षुहरूसँग कुरा गर्न थाले र आफूहरू बस्नलाई



Downloaded from http://dhamma.digital

ठाउँ खोज्दा खोज्दै होहल्ला गर्न थाले। कोही हा हा गरी हास्न थाले। पाँचसय जनाको हल्ला कत्रो चर्को भयो होला !

भगवान् बुद्धले आनन्द भिक्षुलाई बोलाउनु भई सोध्नु भयो– यहाँ माछा मार्ने ठाउँमा पोडेहरू कराए जस्तै कराएका को हुन् ?

भिक्षु आनन्दले भने– पोडेहरू होइनन्, यशोज भिक्षुको नयाँ भिक्षु चेलाहरू गाउँबाट आएका हुन् ।

भगवान बुद्धले यशोज भिक्षु प्रमुख ती भिक्षुहरूलाई बोलाउनु भई भन्नु भयो– तिमीहरू यहाँ बस्न सक्दैनौ, बिहार छोडेर जाओ ।

यशोज भिक्षुले आफ्ना चेलाहरू सबैलाई साथ लिई बाहिर जानु भयो र भन्नु भयो– मैले त तिमीहरूलाई भनेकै थिएँ कि तिमीहरू बुद्धकहाँ जान लायक छैनौ । तिमीहरूले धेरै सिक्न बाकी छ । भिक्षु भएर अनुशासित ढंगमा र शान्त दान्तपूर्वक बस्नु सिक्नु पर्छ । अब भयो कि भगवान् बुद्धले हामीलाई धपाई पठाउनु भयो । तै पनि चित्त न दुःखाऔ । भगवान् बुद्धले हामीलाई धपाइ दिनु भएको द्वेष चित्तले होइन । हाम्रो अशिक्षित स्वभावलाई सुधार्न र शिक्षा दिनलाई नै यसो गर्नु भएको हो ।

यहाँबाट नजीकैको वग्गुमुदा नदीको छेउमा एउटा जंगल छ । त्यही वर्षाबास बस्छौं र त्यहीं तिमीहरूलाई तालीम दिन्छु कि कसरी शिक्षित भई बस्ने कसरी शान्त



Downloaded from http://dhamma.digital

पूर्वक कुरा गर्न आदि। तिमीहरू ज्ञानी र शिक्षित भएको खण्डमा भगवान बुद्ध खुशी हुनु हुन्छ र हामीलाई बोलाउनु हुन्छ। सबैले होशपूर्वक काममा मेहनत गर।

तीन महिना पछि भगवान् बुद्धले आनन्द भिक्षुसंग सोध्नु भयो "मैले यहाँबाट धपाई दिएका भिक्षुहरू कहाँ गएका छन् तिमीलाई थाहा छ?

आनन्द भिक्षुले भने– उनीहरू वग्गुमुदा नदीको नजीक त्यहाँको जंगलमा बसेका छन्। खूब मेहनत गरेर शिक्षा हासिल गरी रहेका छन्। अहिले उनीहरू ज्ञानी र शिक्षित पनि भएका छन्। उनीहरूको बसाई र गराई शान्त भएको छ तथा शील स्वभाव राम्रो भएको छ।

त्यसो भए उनीहरूलाई मैले बोलाएको छ भनी यहाँ बोलाएर ल्याऊ। ती सबै त्यहाँ आएर बुद्धबाट धर्म कथा सुनी सन्तुष्ट भई त्रिविद्या पारंगत भए र ज्ञानलाभ गरे।

यस घटनाले यो बुझिन्छ कि सधैं नरम र दया मायाले मात्र मानिस शिक्षित हुँदैन। कहिले कहिले कडा स्वभाव पनि गर्नु पर्छ। तर अरूको भलो गर्ना निमित्त मात्र यस्तो स्वभाव गर्नु पर्छ, कुभलो गर्ने चिताएर गरेर होइन।



Downloaded from http://dhamma.digital

# अभयराजकुमार र बुद्धको विवाद

भगवान् बुद्ध राजगृहस्थित वेलुवन विहारमा बस्नु हुँदा घटेको घटना यहाँ दिइन्छ । एक दिन अभयराजकुमार निगन्थनाथपुत्र सँग ( जैन प्रवर्तक ) भेट्न जानु भयो । वहाँलाई देख्ना साथ निगन्थनाथ पुत्रले वहाँको स्वागत गरी भन्नु भयो– "बुद्धलाई दोषारोपण गरी वादगरेर आउनू।"

यो कुरा सुन्ना साथ अभयराजकुमारलाई कसो कसो लाग्यो, डर भएको जस्तो महसूस भयो । अनि सोधे– भो गुरु, भगवान् बुद्ध अति प्रभावशाली र तेज सम्पन्न व्यक्ति हुनु हुन्छ । त्यस्तो व्यक्ति सँग कसरी विवाद गरुँ ?

निगन्थनाथले भन्नु भयो–"अभय तपाईंले डरमान्ने र हतोत्साही हुनु पर्दैन । म बुद्ध सँग वाद गर्ने तरीका सिकाइ दिन्छु । तपाईं गौतम बुद्धकहाँ गएर सोध्नुस्– भो गौतम, तपाईं अरूको चित्त दुख्ने र अरूलाई मन नपर्ने कुरो भन्नु हुन्छ ?" "भन्छु" भन्यो भने यस्तो प्रतिवाद गर्नु र "भन्दैन" भने यसरी प्रतिवाद गर्नु भनी तरीका सिकाइ दिनु भयो ।



Downloaded from http://dhamma.digital

अभय राजकुमारले गौतम बुद्ध कहाँ गएर प्रश्न सोधे– भो भगवान्, तपाईं त्यस्तो कुरा भन्नु हुन्छ जुन कुरो अरूलाई मन न पर्ने, जुन सुनेर अरूको चित्त दुख्छ ?

बुद्ध– राजकुमार, त्यो त निश्चित रूपमा भन्न सकिन्दैन, म त्यो अपवादबाट मुक्त छैन ।

अभय राजकुमार – तपाईंको एकै उत्तरले निगन्थ-नाथको आशय खतम भयो ।

बुद्ध– राजकुमार, किन त्यस्तो भन्नु भएको, त्यसको मतलब के ?

अभय राजकुमारले आफ्नो धर्म गुरुले सिकाइ दिएको सबै कुरो स्पष्ट गरी वताउनु भयो ।

बुद्ध – राजकुमार, त्यसो भए तपाईंले सोध्नु भएको प्रश्नलाई मैले हो भन्छ भनेर उत्तर दिएको खण्डमा के भन्ने नि ?

अभय– त्यसो भन्नुहुँदा भन्ते, म मेरो धर्म गुरु निगन्थनाथले सिकाए अनुसार तपाईंलाई यसरी दोषारोपण गरेर वाद गर्छु कि अरूलाई चित्त दुख्ने कुरो भन्नु हुन्छ भने साधारण मानिसको र बुद्धमा के फरक भयो ? किनकि साधारण मानिसले अरूलाई मन नपर्ने र चित्त दुख्ने कुरा गर्छ ।

बुद्ध – राजकुमार, ठीक छ तपाईंले सोधेको प्रश्नलाई अरूलाई मन न पर्ने कुरो गर्दैन भनेको भए ?



Downloaded from http://dhamma.digital

अभयराज – त्यसो भए भन्ते, म यसरी दोषारोपण गर्छु कि तपाईंले देवदत्त भिक्षुलाई नरकमा उत्पन्न हुन्छ, महा दुःख भोग्ने छ, अपायबाट मुक्त हुने कुनै उपाय छैन भनी भन्नुभएको किन नि ? तपाईंको त्यस्तो कथनले देवदत्त दुखित र क्रोधित हुँदैन र ?

(त्यस बखत अभय राजकुमारको काखमा सानु बच्चा बसेको थियो, त्यही बालकतिर हेर्नु हुँदै)

बुद्ध – अभयराजकुमार, त्यो राजकुमारले प्रमाद वश नजानीकन पैसा या अरू कुनै चीज मुखमा हाले र घाँटीमा अड्क्यो भने के गर्ने ?

अभयकुमार– भन्ते, त्यसो भएमा म तुरन्तै झिक्री दिन्छु ।

बुद्ध – राजकुमार, त्यो सजिलैसित झिक्न नसके के गर्ने नि ?

अभयकुमार – भन्ते, त्यसो भएमा बायाँ हातले टाउको समाती दायाँ हातले मेरो माझी औंला बंग्याई रगत आए पनि, बच्चा रोए पनि निकाली दिन्छु ।

बुद्ध – राजकुमार किन त्यस्तो गर्ने ?

अभयकुमार – भगवान्, बच्चा प्रति मेरो दया र माया अधिक भएकोले र बालकको भलोको लागि नै त्यसो गर्ने हो ।

बुद्ध – राजकुमार, त्यस्तै म झूठ, असत्य वचन जुन कि अरूलाई मन नपर्ने भएमा त्यस्तो असत्य वा झूठ



Downloaded from http://dhamma.digital

अर्कालाई मन पर्ने भएमा पनि म मौन रहन्छु। सत्य वचन तर काम न लाग्ने भएको भए म त्यस्तो कुरा गर्दैन। त्यस्तै सत्य र काम लाग्ने भए अरूलाई मन नपर्ने भए पनि त्यस्तो कुरा म भन्छु। यसरी कुरा गर्ने अवस्थालाई म जान्दछु ।

बुद्धको यथोचित कुरा सुनी अभय राजकुमार आफ्नो जेन धर्म छोडी बुद्धको शरणमा गए ।



Downloaded from http://dhamma.digital

# वर्तमान जीवनको महत्व

बुद्धको शिक्षा अनुसार वर्तमान जीवनलाई महत्त्व दिनु पर्छ र शुद्ध राख्नु पर्छ। अतीत र भविष्यको बारेमा चिन्ता गर्नु व्यर्थ छ। यस कुराको पुष्टिको लागि एउटा बुद्धकालीन घटना प्रस्तुत गर्नु उचित होला।

गौतम बुद्ध श्रावस्तीमा बस्नु भएको थियो। एक दिन मालुंक्यपुत्र नामक भिक्षु एक्लै विना काम त्यसै बसि रहेको बेला उसको मनमा कुरा उठ्यो। भगवान् बुद्धले निम्न लिखित कुराहरूलाई अप्रकाशनीय भनी मौन बस्नुभयो र काम नलाग्ने भनी व्याख्या गर्नु भएन। यी कुरा हुन्–

(१) यो संसार नित्य छ ?
(२) यो संसार अस्थायी छ ?
(३) यो विश्वको अन्त छ ?
(४) विश्वको अन्त छैन ?
(५) यो शरीर र प्राण एउटै हो ?
(६) शरीर अर्कै र प्राण अर्कै हो कि ?
(७) मरिसके पछि मानिस फेरि जन्म लिन्छकि ?
(८) मरिसके पछि मानिस फेरि जन्म लिंदैनकि ?



Downloaded from http://dhamma.digital

यी कुराहरु मैले पनि भगवान् बुद्ध सित सोधेको थिएँ, मलाई पनि भन्नु भएन। यी कुराहरु बारे चिन्तन नगर, काम लाग्दैन भन्नु भयो। मलाई त चित्त बुझेन। किन व्याख्या नगर्नु भएको। मैले बुझ्नु सकेन। उपर्युक्त कुरा बुद्धलाई ज्ञान नै छैन कि? फेरि एक चोटि सोधुंला। चित्त बुझ्ने गरी भन्नु भएन भने म त भिक्षु जीवन नै छोडी घर जानेछु।

यो कुरा बुद्धकहाँ पुग्यो। तथागतले मालुंक्यपुत्र भिक्षुलाई बोलाई सोध्नु भयो– के तिमीले भिक्षु बनेको यही कुरा जान्नको लागि हो र? तिमी भिक्षु बन्यौ भने यी कुरा भन्छु भनेर मैले तिमीलाई भनेको छ? कसैले जिन्दगी भर आशा गरे पनि म भन्न तयार छैन, मबाट यस्तो कुरा सुन्न आशा गर्नु व्यर्थ छ। यी कुराहरू पत्ता लगाउनमा लाग्यो भने मानिस पागल बनेर मर्ने छ तापनि यी कुराहरू बारे केही पत्ता लगाउन सकिंदैन। (उदान पालि)

ए मालुंक्यपुत्र! तिमीलाई एउटा उदाहरण भन्छु। कुनै ब्यक्तिलाई वाणले हानेको छ। उसलाई ठूलो वेदना भइरहेको छ। तुरन्तै आफ्नो हितैषीहरूले बैद्य बालाए। बैद्यले उसलाई औषधोपचार नगरिकन त्यो बाण हानेको मान्छे ब्राम्हण हो कि क्षत्रिय, अग्लो हो कि पुड्को? कालो हो कि गोरो, बूढो हो कि युवक हो भनी पत्ता न लगाइकन उपचार नै गर्दैन भन्यो भने उसले सोधेको प्रश्नको उत्तर आउनु भन्दा पहिले बाणले बिझेको मानिस मर्छ। यहाँ मुख्य



Downloaded from http://dhamma.digital

आवश्यक कुरो के रहेछ भने सबै भन्दा पहिले घाउ भएको मानिसलाई औषधी गरेर निको पार्नु । त्यसपछि मात्र आउँछ कसले वाण हानेको ?

त्यस्तै मालुंक्य ! यो संसार कसरी बन्यो, मानिस कहाँबाट आएर जन्म्यो ! मरेर कहाँ जान्छ ? के भएर जन्म लिन्छ भन्ने प्रश्न गर्नु वाहियात छ, ब्यर्थ छ । मैले त भनि सकें यो वर्तमान जीवनलाई ठीकपार, शुद्ध गर । मैले भनि हालें मानिस किन जन्म लिनु पर्ने भन्ने कारण देखाएको छु । उपर्युक्त कुरा जे भए पनि तिम्रो भिक्षु जीवनलाई केही फाइदा नहुने कुरो हो, केही काम न लाग्ने कुरो हो, त्यसैले अप्रकाशनीय भनी भनिदिएको छु ।

ध्यान दिनु पर्ने त यो वर्तमान जीवनलाई ठीक वाटोमा लगाउनु, निष्कलंक बनाउनु तिर हो । वर्तमान जीवन ठीक भए अतीत र भविष्य उज्ज्वल हुन्छ । अतीत कसरी उज्ज्वल हुन्छ भन्ने वर्तमान भनेको नै भोलि देखि अतित हुन जान्छ । वर्तमान जीवन ठीक भएको खण्डमा भविष्य स्वतः उज्ज्वल हुने छ । त्यसैले वर्तमान जीवन र समयको महत्व बुझ्नु पर्छ ।



Downloaded from http://dhamma.digital

# जन्म लिने केही सत्ता छैन

बुद्धको विचार अनुसार जन्म लिने आत्मा वा कुनै वस्तु छैन। बरू मानिस किन जन्मलिन्छ र कसरी जन्म लिन्छ भन्ने कारण कार्यको चर्चा छ, यो एउटा गम्भीर प्रश्न हो र महत्त्वपूर्ण कुरा पनि। हुनत यो कुरा दार्शनिक रूपमा मात्र महत्वपूर्ण छ। बुद्धको विचार अनुसार मानिसहरूले आफ्नो र अरूको भलो हुने काम गरेर बाँच्नु नै जीवनको लक्ष्य हो अथवा अरूलाई दुःख हुने काम नगर्नु नै राम्रो जीवन हो। यसैले आत्मा परमात्माको कल्पना गर्नु ब्यर्थ छ। तर पुरानो संस्कार र विश्वासले गर्दा मानिसहरूको चिन्तन वर्तमान जीवन सुधार्ने तिर जाँदैन, सम्यक् दृष्टि तिर जाँदैन।

बुद्धको पालामा साति भन्ने एकजना भिक्षु थिए। उनको विचार र दृष्टि (विश्वास) थियो "एउटै विज्ञान मात्र हो जन्म जन्मान्तरमा उत्पत्तिको रूपमा जन्म लिने, रूप मात्र परिवर्तन हुने हुन्छ, अर्थात यो रूपान्तर मात्र हो, अरू केही होइन। बुद्धले यस्तै भन्नु हुन्छ।"

मिथ्या धारणा हटाउनको लागि साति भिक्षुलाई, भिक्षुहरूले धेरै पल्ट सम्झाए। तर उनीहरू असफल भए।



Downloaded from http://dhamma.digital

अनि यही कुरा भिक्षुहरूले बुद्धलाई सुनाए र भगवान बुद्धले साति भिक्षुलाई बोलाएर सोध्नु भयो– तिमीले मिथ्या धारणा प्रचार गरि रहेछौ भन्ने सुनिन्छ, के यो साँचो हो ?

भिक्षु साति– भन्ते, मैले बुझेको र मेरो विश्वास यस्तै हो, तपाईंले भन्नु भएको पनि त्यस्तै हो ।

बुद्ध– साति ! म सोध्छु तिमो के चीजलाई विज्ञान भन्दछौ ? विज्ञान भन्ने के चीज हो ?

साति– कसले कुरा गरिरहेछ । सुख दुःखको अनुभव गरिरहेछ भन्ते ! जसले कुशल, अकुशल कर्मफल भोगिरहेछ, उसैलाई विज्ञान भन्छु । त्यही नै विज्ञान हो । मैले त्यस्तै ठानेको छु । यही नै मेरो धारणा छ ।

बुद्ध– ए सात्ति ! मैले यस्तो कुरा कसैलाई भनेको छैन । मैले भनेको त पटिच्च समुत्पादले अर्थात हेतु र कारण कार्यले गर्दा बिज्ञान उत्पन्न हुन्छ । स्पष्ट रूपमा यस्तो भनेको छँदा छँदै मूर्ख साति, तिमीले मलाई समेत दोषारोपन गरी मिथ्या धारणा (मिथ्यादृष्टि) किन सिर्जना गरेको ? यस विषयमा तिमीले गलत तरिकाले बुझेका छौ ? आँखा, कान, नाक, जिब्रो, शरीर (इन्द्रियद्वारा ग्रहण गर्न सकिने बस्तु) रूप, शब्द, गन्ध, रस, स्पर्शआदि इन्द्रिय विषयले गर्दा विज्ञान उत्पन्न हुन्छ अर्थात आँखा र रूप जुडेपछि जुन अनुभव हुन्छ त्यही नै बिज्ञान हो । आँखा र रूपको संयोग नभएसम्म विज्ञान उत्पन्न हुँदैन । (केही अनुभव हुँदैन ।)



Downloaded from http://dhamma.digital

फेरि बुद्ध भन्नुहुन्छ – यो पञ्चस्कन्ध शरीरले गर्दा विज्ञान [जानकारी] उत्पन्न भएको भन्ने तिमीलाई थाहा छ ? आहार खानाले यो पञ्चस्कन्ध शरीर बनेको भनी तिमीलाई थाहा छ ? खाना नखाएमा यो पञ्चस्कन्ध शरीर विलाएर जान्छ भन्ने तिमीलाई थाहा छ ?

साति भिक्षुले थाहा छ भनी उत्तर दियो। फेरि भगवान् बुद्ध भन्नु हुन्छ – आँखा, रूप र विज्ञानको मंत्र (रहस्य) बुझ्यो भने आत्मा वा विज्ञानको बारेमा शंका हुँदैन। यी तीन कुराको बारेमा तिमीलाई अहिले पनि शंका र भ्रम छ ?

साति – अहिले शंका मेटिएको छ भन्ते, भित्रो आँखा खुल्यो। त्यसैले कुनै पनि कुरामा पूर्वाग्रह भई तृष्णा दृष्टिले बलियोसँग समातिएर बस्नु हानिकारक छ।

भगवान् बुद्ध फेरी भन्नु हुन्छ – यो मेरो धर्म नदी पार हुनेलाई उपकार हुने डुंगा जस्तै हो। यो पार तर्नलाई मात्र हो। डुंगा काम लाग्छ भनी यसलाई कसैले सधैं काँधमा बोकेर हिंड्दैन। त्यस्तै मेरो धर्म पनि सधैं बोकेरै बस्नलाई होइन। "कुल्लुपमं भिक्खवे धम्मं देसितं आजानेय्याथ नित्थरणत्थाय नो गहणत्थाय।" (मज्झिमनिकाय)

जन्म भएका सबै प्राणी चार प्रकारका आहारमा निर्भर छन्, बाँचेका छन्। (१) भात आदि खाना खाएर, (२) स्पर्श आहार, (३) मन संचेतना आहार (मनले विषय-



Downloaded from http://dhamma.digital

वस्तु कल्पना गरी रसस्वाद गरेर तृप्ति गर्नु, (४) विज्ञान आहार (चेतनाद्वारा अनुभूति लिनु) खाना लिएन भने यो पञ्चस्कन्ध रूपी शरीर टिक्न सक्दैन ।

यो आहार किन चाहेको ? मात्र इच्छा र बाँच्नको लागि चाहेको ।

तृष्णाले गर्दा (सबै चीज) चाहियो । तृष्णाको कारण के त ? वेदना (अनुभूति सुख दुःख) वेदनाको कारण के त ? स्पर्श । स्पर्शको कारण छ इन्द्रिय (आँखा, कान, नाक, जिब्रो, शरीर र मन) छ आयतनको कारण शरीर र मन । नाम रूप [मन र शरीर] को कारण विज्ञान बुझ्नु । विज्ञानको कारण संस्कार । [बानि मनमा छाप पर्ने] संस्कारको कारण अविद्या [अज्ञानता] नै मूल कारण हो ।

अज्ञानतालाई जडै देखि उखेली फाल्न सके सबै दुःख छुट्न सक्छ । यी कुरा थाहा नपाउनेहरू पूर्व जन्म र पुनर्जन्ममा अल्झि रहन्छन्, अलिमलिन्छन् मानिसहरू मेरो पहिले जन्म भएको थियो, थिएन । पहिलेको जन्ममा के भएर जन्मेको थिएँ आदि भविष्यको कल्पना र चिन्तनमा पर्छन् । यस्तो चिन्तन गर्नु व्यर्थ छ ।

भिक्षुहरू ! मैले तिमीहरूलाई मरिसके पछि फल पाउने धर्म होइन, यसै जन्ममा फल पाउने धर्म बताइदिएको छु । ( सन्दिट्ठिको ) धेरै समय पछि फल पाइने होइन । (अकालिको)



Downloaded from http://dhamma.digital

भिक्षुहरू ! तीन चीजको संयोगले गर्भ धारण हुन्छ (१) माता र पिताको संभोग हुन्छ। (२) आमा ऋतुमती हुन्छिन्। (३) गन्धर्व बीज ठीक ठाउँमा (गर्भाषयमा) प्रवेश हुनु पर्छ। यदि माता ऋतुमती छैन र गन्धर्व बीज उपस्थित हुँदैन भने गर्भ धारण हुँदैन। माता पिताको संभोग हुन्छ, माता ऋतुमती पनि हुन्छिन् तर गन्धर्व उत्पन्न हुने चेतना प्रवाह गन्धर्व उपस्थित हुँदैन भने गर्भ धारण हुँदैन। यस प्रकार उपर्युक्त तीन संयोग एकत्रित भए मात्र गर्भ धारण हुन्छ। अनि यस गर्भलाई आमाले संयमको साथ नौ या दश महीना सम्म गर्भधारण गर्छिन्। जन्मे पछि बच्चालाई आमाकै आफ्नै रगतले पोषण गर्छिन्। आमाको मैत्रीले त्यही रगत दूध बन्छ।

बच्चा ठूलो हुन्छ। साथीहरू सँग खेलेर आश्रय गरेर मात्र उसको मन पबित्र बा कलुषित हुन्छ। संसारिक बन्धनमा फँसेर वातावरण अनुसार जीवन परिवर्तन हुन्छ। जीवन प्रवाह चलिरहन्छ। यस्तो भएकोले यस्तो भयो, "इमस्मि सति इदं होति" यो भएकोले यो भयो। "इमस्मिं असति इन्दं न हो ति" यो न भए यो पनि नहुने। यही नै पटिच्च समुप्पाद हो।





Downloaded from http://dhamma.digital

# कर्मफल

कर्मको अर्थ हो काम। फलको अर्थ नतीजा वा प्रतिफल। धार्मिक जगतमा वा धार्मिक दृष्किोणले कर्मफल भनेर पूर्व जन्मको फललाई मान्दछन्। बुद्ध धर्म अनुसार कर्म फलको अर्थ भिन्नै छ जुन व्यावहारिक छ। तर यो विषय वडो गम्भीरको छ र बुझ्न सजिलो छैन। बुद्धले भन्नु भएको छ– "कम्मविपाको भिक्खवे अचिन्तेय्यो" अर्थात कर्मफलको बारेमा कल्पना नगर्नू। हुन त कल्पना र चिन्तन गर्न नहुने अरू पनि विषय छन्, जस्तै सत्व प्राणीको विषय, बच्चा कसरी जन्मिन्छ भन्ने विषय, यस संसारको निर्माणको विषय। यस्तै बुद्धको विषयमा कल्पना गरिनु हुन्न भनिन्छ। यी विषयहरू अनन्त र दिमाग खल्बल्याउन सकिने भएकोले यस बारेमा चिन्तन गरि रहनु हुन्न भनी बुद्धले भन्नु भएको छ।

यस बारेमा यस्तै अरू बुद्धको बिचारधारा के रहेछ हेरुँ। एकचोटो गौतम बुद्धले भिक्षुहरूलाई भन्नु भयो – भिक्षुहरू ! केही श्रमण ब्राह्मणहरूको यस्तो मत र विश्वास छ कि मानिसद्वारा जुनसुकै प्रकारको सुख दुःखको अनुभव



Downloaded from http://dhamma.digital

गरिन्छ ती सबै पूर्व जन्मको कर्मफल अनुसार नै अनुभव गरिन्छ ।

मैले (बुद्धले) उनीहरूकहाँ गएर भने– यदि तिमी-हरूको यस्तै मत र विश्वास हो भने प्राणीहिंसा गर्नेहरूले पूर्वकर्म अनुसार नै गरेका हुन्छन्। चोरी, भ्रष्टाचार, झूठ बोल्ने, चुक्लि गर्ने, गाली गर्ने, लोभी हुने, क्रोधी हुने, बिरामी हुने आदि सबै पूर्व कर्मफलको फल अनुसार नै भएको भयो । त्यस्तै हो भने कसैलाई दण्ड दिने योग्य र अयोग्य भन्ने, बिरामीलाई औषधोपचार गर्ने आदि सबै कुरा व्यर्थ नै छ । उपदेश दिनु पनि ब्यर्थ छ । यसैले यस्तो विश्वास गर्नु निन्दनीय छ । यी कुरा सुनी उनीहरू मौन हुन्छ र निरुत्तर हुन्छन् ।

अर्को श्रमण ब्राह्मणहरूको विश्वास छ कि संसारमा घटिरहेका जुन सुकै कुरा ईश्वरको लीला हो । बच्चाको जन्म हुने, सुख दुःखको अनुभव हुने आदि सबै ईश्वरको कृपा अनुसार हुन्छ ।

अर्को श्रमण ब्राह्मणहरूको विश्वास छ कि माथि भने जस्तै सबै हेतु कारण विना आफै आफ सिद्ध हुन्छ ।

भिक्षुहरू ! यिनीहरूको यस्तो विश्वास छ र मत कुनै प्रामाणिक नभएको अनि निष्कर्षमा नपुग्ने मात्र होइन काम नलाग्ने मत हो, किन कि पूर्वकर्म, ईश्वर र हेतु बिना नं सिद्ध हुन्छ भने उत्साह र प्रयत्न गर्नु, सुधारको कुरा गर्नु जम्मै ब्यर्थ हुने हुन्छ । (अंगुत्तर निकाय)



Downloaded from http://dhamma.digital

बुद्धको बिचार अनुसार सबै कुरा पूर्वकर्म अनुसार, सिद्ध हुने हुँदैनन् । बिरामी हुने कारण धेरै धेरै छन् जस्तै धेर गरम हुने, जाडो लाग्ने, पित्त प्रकोप हुने, खाना न मिलेको र धेर खाना खानाले, धेरै हावा लाग्नाले, लामखुट्टे, भिँगा र फाहर हुने आदिले गर्दा हो, पूर्वकर्म अनुसार हुने होइन । वर्तमान भौतिक वातावरणको प्रभावले गर्दा दुःख हुने हुन्छ । कर्मफल भन्ना साथै पूर्वजन्मको कर्मफल मात्र सम्भनु गलत हुने छ ।

हुनत चूलकम्म विभंग सूत्र अनुसार छिटो भर्ने र दीर्घायु हुने आदि पूर्वकर्म अनुसार हो भनी उल्लेख भएको पाइन्छ । तैपनि सुख दुःख हुँदा पूर्वकर्मलाई दोष दिएर निराश हुनु चाहिं बुद्ध धर्म होइन ।

हेतुफलवाद–बीज नियाम–बीउले गर्दा रूख विरुवा हरू उम्रिन्छन् । बीजले नै मानिसको जन्म हुन्छ ।

ऋतुनियाम –मौसम अनुसार रुखमा अंकुर निस्कन्छ फुल फुल्दछ ।

कर्म नियाम– मानिसले गरेको राम्रो र नराम्रो काम अनुसार गतिविधिमा परिवर्तन हुन्छ र फल भोग्नु पर्छ ।

धर्मनियाम–पानीको स्वभाव शीतल हुनु, आगोको स्वभाव गरम हुनु, हावाको स्वभाव थिच्ने र उचाल्ने शक्ति हुनु हो। यी कुरा चतुर्महाभूत वा प्रकृतिको स्वभाव हो। भुईंचालो जानु, बाढी आउनु, आगो लाग्नु, हुरी आउनु यी



Downloaded from http://dhamma.digital

कुरा कसैको आज्ञा अनुसार हुने होइन आफ्नै स्वभावले सिद्ध हुने कुरा हुन् । सत्व प्राणीको जन्म प्रतीत्य समुत्पाद कार्य कारणद्वारा (हेतुद्वारा) हुन्छ ।

चित्त नियाम – मशीनमा चित्त छैन । मानिसमा चित्त र चेतना वा चिन्तन शक्ति छ । चित्त भएकोले नै मानिसमा चिन्तन शक्ति भएको हो । बीउ रोप्नलाई खेत चाहिन्छ, पानीको सहयोग चाहिन्छ बीउ उम्रिन्छ ।

कर्म बीउ जस्तो भयो, आमा श्रोणित खेत र बाबुको शुक्रबीज पानी जस्तो भयो । यी तीनका संयोगले प्रतिसन्धि वा बच्चाको गर्भबास हुन्छ । अर्थात आमा बाबुको सम्भोग, आमा ऋतुमती हुनु र बीज यथास्थानमा प्रवेश भए मात्र गर्भ धारण हुन्छ ।

मानिस कसरी मर्छ ?– तीन चीजको अभावले मानिसको मृत्यु हुन्छ । (१) जीवितिन्द्रिय भन्ने आयु (२) तेजो धातु (उष्ण तातो) (३) चित्त भंग विज्ञान (होश) नहुनु ।



Downloaded from http://dhamma.digital

# देवदत्त र बुद्ध

बौद्ध देशकोलागि देवदत्त शब्द कुनै नयाँ कुरा होइन। यो शब्द होइन एक दुष्ट भिक्षुको नाउँ भएकोले श्रीलंकामा यो शब्द दैनिक जन जीवनमा गाभिई सक्यो । कसैले कुनै राम्रो काममा बाधा दिन थाल्छ । अथवा आफू मात्र सज्जन बनेर सल्लाह दिन आउन लाग्दा वा कुरा गर्न आउँदा अथवा मिल्नेहरूलाई फुटाउने काम गर्न खोज्दा त्यसलाई देवदत्त नाउँ राखि हाल्छ, किन भने आफू मात्र सज्जन बनेर अरूलाई सल्लाह दिने व्यक्तिको नियत ठीक नभएको सम्झनु पर्छ ।

बर्मा र थाईल्याण्डमा पनि त्यस्तै देवदत्त शब्द जन जीवनमा गाभिई सक्यो, तर लंकामा जुन अर्थमा प्रयोग हुन्छ त्यो भन्दा अर्को क्षेत्रमा पनि यो शब्द प्रचलित भै सकेको छ । त्यो कुन अर्थमा भने यदि कसैले मासु खानु पाप अथवा मासु खायो भने हिंसा हुन्छ भन्यो भने उसलाई त्यहाँका बौद्धहरूले वा भिक्षुहरूले देवदत्ताको सन्तान भनी संज्ञा दिन्छन्। यसरी संज्ञा किन दिइयो भन्ने कुरा तलको घटनाले स्पष्ट हुन्छ ।



Downloaded from http://dhamma.digital

देवदत्तलाई कुनै किताबमा बुद्धको काकाको छोरा र कुनै किताबमा मामाको छोरा भन्ने उल्लेख भए अनुसार उनी बुद्धको भाई पर्दछ भन्ने थाहा हुन्छ। देवदत्त बुद्धकहाँ गएर भिक्षु बन्न पुगेका हुन्। बुद्ध र देवदत्तको स्वभाव मह दिने माहुरी र फोहर खोज्ने भिंगा जस्तै फरक छ। बुद्ध शान्ति प्रेमी र देवदत्त भगडालु। गौतम बुद्ध दयालु र परोपकारी छन् भने देवदत्त ईर्ष्यालु, पद लोलुप र महत्वाकांक्षी छन्। तथागत निहतमानी र निस्वार्थी छन् भने देवदत्त अभिमानी र स्वार्थी। यति सम्म कि देवदत्तले बुद्धको हत्या गरेर आफू बुद्ध बन्ने महत्वाकांक्षा लिए किन कि बुद्ध रहुन्जेल सबैको अगाडि आफू ठूलोमा गनिने उनको ईच्छा पूरा हुँदैनथ्यो। तथागत गौतमले कसैलाई उत्ताराधिकारीमा राख्ने बिचार गर्नु भएको थिएन। उहाँले त भिक्षु भिक्षुणी, उपासक उपासिकाहरू नै आफू पछिका आफ्नो धर्मका उत्ताराधिकारी हुन् र सबैले आफ्नो शिक्षा अनुसार सामूहिक रूपमा कर्तब्य पालन गर्नु नै आफ्नो उत्ताराधिकारी हुनु हो भन्नु भएको छ। आफ्नो जीवनको अन्तिम अवस्थामा गौतम बुद्धले भन्नु भएको थियो कि आफ्नो परिनिर्वाण (मृत्यु) पछि बुद्धको धर्म नै सबैको गुरु हुने छ। धर्म र विनय नै बुद्धको उत्ताराधिकारी हो।

बुद्धको यस्तो बिचार थाहा पाएपछि देवदत्तको मनमा ईर्ष्यारुपी अग्निले डाह भयो। अनि भन् भन् उनले बुद्धप्रति वैरभाव राख्न शुरू गरे। पछि त बुद्धको हत्या



Downloaded from http://dhamma.digital

गर्न नै तम्से । एकचोटि पहाडको माथिवाट बुद्धलाई ढुंगाले हानि पठाए तर ढुंगाको टुक्रा मात्र बुद्धको खुट्टाको ओंलामा पर्न गयो र खुट्टामा मात्र चोट लाग्यो । यस्तै बुद्ध-माथि प्रहार गर्न अनेक दुष्प्रयास गरे तर देवदत्त असफल रहे ।

त्यसपछि भिक्षु संघलाई नै टुक्र्याएर आफू संघको नाइके हुने षडयन्त्र रचे । यस विषयमा एउटा घटना प्रस्तुत गर्दछु ।

एक पटक देवदत्ताले विचार गरे कि बुद्धलाई त्यस्तो नियम बनाउन बाध्य तुल्याउने जुन नियम भिक्षुहरू र स्वयं बुद्धले पनि व्यवहारमा ल्याउन सक्दैनथ्यो। उनको त्यस्तो सुझावलाई बुद्धले मानेनन् भने बुद्धको बदनाम गर्न सजिलो हुनेछ । यस बारे वृस्तृत व्याख्या विनयपिटकको चुल्ल-वर्गको संघभेदस्कन्धमा समावेश गरिएको छ ।

देवदत्तले भगवान् बुद्ध कहाँ गएर निम्न लिखित पाँच नियम बनाउन आग्रह गरे–

(१) भिक्षुले जिन्दगीभर भिक्षा मागेर खानु पर्छ, गृहस्थीको निमन्त्रण स्वीकार गरेर खाए आपत्ति दोष लाग्छ ।

(२) भिक्षुले जिन्दगीभर जंगलमा नै बास बस्नु पर्छ, गाउँमा वा बिहारमा बस्नु दोष हुने छ ।



Downloaded from http://dhamma.digital

(३) भिक्षुले बाचुन्जेल स्मशानमा फालेको झुत्रो कपडा बटुलेर चीवर (वस्त्र) लाउनुपर्छ र अरूले दान दिएको चीवर लाउने त्यो दोषी हुने छ ।

(४) भिक्षुले जीवनभर रुखमुनि बस्नु पर्छ, छाना भएको घरमा बसेमा दोषी हुनेछ ।

(५) भिक्षुले जिन्दगीभर मासु–माछा खानु हुँदैन, जसले खान्छ त्यो दोषी हुनेछ ।

गौतम बुद्धले देवदत्तको कुचक्रलाई राम्रै थाहा पाउनु भयो । उहाँले देवदत्तलाई भन्नुभयो– भिक्षुको आफ्नो इच्छा अनुसार जंगलमा बस्न सक्छ, चाहेमा दरबार जस्तो बंगला भएको बिहारमा बसे पनि हुन्छ । इच्छा हुने भिक्षु जंगलमा गएर फलफूल खोजेर खाए पनि हुन्छ, नसके गृहस्थी श्रद्धावान्‌हरूको निमन्त्रणा स्वीकार गरेर खाए पनि हुन्छ । इच्छा हुनेले स्मशानमा फालेको झुत्रो कपडा बटुलेर बस्त्रको रूपमा लगाए पनि हुन्छ, नभए अरू गृहस्थीहरूले दिएको राम्रो नयाँ वस्त्र लगाएर बसे पनि हुन्छ । इच्छा हुने भिक्षु रुखमुनि सुते हुन्छ, न हुनेको छाना भएको घरमा बसे पनि हुन्छ । इच्छा नभएका भिक्षुले मासु, माछा नखाए पनि हुन्छ; चाहनेले गृहस्थीहरूले पकाएर दान दिएको खाना खाए पनि हुन्छ । बुद्ध भन्नु हुन्छ कि तीन प्रकारको दोषले मुक्त भएमा त्यस प्रकारको मासु खानु हुन्छ ।



Downloaded from http://dhamma.digital

१) अदिट्ठ = आफूलाई ख्वाउन भनी मारेको नदेखेको ।
२) असुत = आफूलाई ख्वाउन भनी मारेर पकाएका नसुनेको ।

३) असंकित = आफूलाई ख्वाउन भनी मारेर पकाएको शङ्का न लागेको । यी तीन दोषले मुक्त मासुलाई शुद्ध मांस एवं त्रिकोटि परिशुद्ध मांस भनिन्छ । त्यस्तो मासु त्यसबेला र अहिले पनि सुलभ छ । भिक्षाटन जाने र अरूले दिएको खाने भिक्षुलाई के थाहा कि कसको घरमा के पकाएको छ । कसैले मासु पकाए भन पनि भिक्षुको लागि नै भनी पशुलाई मारेर पकाएको हो भन्नु उचित छैन । कसाईले आफ्नो जीविकाको लागि प्राणी मारेर मासु बेचेको हो सिवाय फलना कै लागि भनेर मारेको हुँदैन । त्यसैले बुद्धले त्रिकोटि परिशुद्ध (तीन कारणले शुद्ध मासु) खानु हुन्छ भन्नु भएको होला । त्यसैले अधिकांश बौद्धहरू मांस भक्षी छन् ।

नेपालमा आफैले काटमार गरेर मासु खाए जस्तो अरू बौद्ध देशमा खाँदैनन् । तर हिंसा गर्न हुन्न, मासु खानु हुन्छ भन्ने कुरा नेपाली बौद्ध तथा अबौद्ध र भारतीय हिन्दू जैनहरूले पर्यन्त सम्भन नसकिने विषय भएको छ ।

मासु खानु हुन्छ भन्दैमा नेपालमा दशैंको बेला घरै पीछे पशुहिंसा गरेर खाने गरेको भने सरासर अनुचित छ त्यो त हिंसा पनि हो, अत्याचार पनि हो । बुद्धको विचार अनुसार स्वार्थवस हिंसा गरेर पूजा गरेकोलाई धर्म कदापि



Downloaded from http://dhamma.digital

भन्दैन। वलि भनो हिंसा गर्नु महान् अन्ध विश्वास हो।

बुद्धको विचार अनुसार केवल प्राणी हत्या गर्नु मात्र हिंसा होइन– मानिसलाई दास बनाएर शोषण गर्नु, षडयन्त्र गरेर मानिसलाई दुःख दिनु, बिहारबाट भिक्षुलाई विना कारण निकाल्नु, घरबाट कुनै परिवारलाई निकाल्नु त झन ठूलो हिंसा हो। यस्ता कुचक्र चाल खेलेर पनि आजकाल आफूलाई अहिंसावादी ठानेका धेरै छन्। पहेंलो वस्त्र लगाएका भिक्षुहरू पर्यन्त यस्ता क्रियाकलापमा समावेश भएका छन्।

देवदत्तले सुझाव दिएका पाँच नियमलाई बुद्धले तिरस्कार गरे पछि उनले प्रत्येक भिक्षुहरू कहाँ गई संघलाई वहकाउने, भड्काउने गर्न लागे। उनी भन्छन् – साथीहरू! मैले राखेको नियम ज्यादै राम्रो छ कि छैन? यसमा के दोष छ? देवदत्तले गृहस्थीहरूको घर घरमा गएर पनि भडकाउने, बुद्ध र संघ प्रति अप्रसन्न गराउने कोशीश गरे। मन्द बुद्धि भएका भिक्षुहरू र उपासकहरूले देवदत्त भिक्षुको षड्यन्त्रलाई कसरी बुझ्न सक्थे। पाँच सय भिक्षुहरू दुष्ट देवदत्तको समर्थनमा लागी गौतम बुद्धलाई समेत छोडी देवदत्तको शिष्य बन्न गए। उनीहरूले मिथ्या प्रचार पनि गरे– "बुद्ध सुख र विलासपूर्वक बस्न र मिठो खाएर आरामपूर्वक बस्न पल्कन थालेका छन्।" गृहस्थहरूले पनि मासु



Downloaded from http://dhamma.digital

खान हुन्न भनी देवदत्तले भनेको नियम ठीकै छ भन्दै हिड्न थाले ।

देवदत्तको कुचक्रले संघ भेद हुँदा तथागतको हृदयलाई चोट लाग्यो । उहाँले भन्नुभयो– पंचमहा पापहरू मध्ये एउटा ठूलो पाप हो एकजुट भएकालाई फुटाउने काम गर्नु । सारिपुत्र महास्थविरले देवदत्तको षड्यन्त्रलाई भण्डाफोर गर्नु भए पछी अलग्गिएर गएका भिक्षुहरू देवदत्तलाई छोडेर फेरि बुद्धको संघमा सम्मिलित हुन आइपुगे ।

आज पनि घर घरमा, देशहरूमा देवदत्तको भैं विचार भएका मानिसहरू छन् । मेलमिलाप हुने घरमा फूट ल्याउने र भिक्षुहरूको चरित्र हत्या हुने अनावश्यक कुरा गर्दै हिँड्ने मानिस विद्यमान छन् ।

यहाँ विचार गर्नु पर्ने कुरा देवदत्तका पाँचवटा नियम राम्रो देखिए तापनि अव्यवहारिक भएकोले गौतम बुद्धले ती नियमलाई तिरस्कार गर्नु भएको हो ।

Dhamma.Digital





Downloaded from http://dhamma.digital

# साँचो कुरा भए पनि

# सबै भन्नु हुन्न

बुद्धको विचार धारामा एउटा विशेषता हो व्यवहारिकपक्ष र समयोचित हुनु । कुनै कुनै व्यक्ति यस्ता छन् कि स्थान, समय र परिणाम तथा दुष्परिणामको विचार नगरी बोल्छन्। उनीहरू भन्छन् साँचो कुरा भन्नुलाई के को डर ? तर त्यस्ता व्यक्तिले यो विचार गर्दैन कि त्यसको परिणाम के होला । यस बारेमा बुद्धको विचार धेरै उदार र व्यावहारिक छ । उदाहरणको लागि वस्सकार ब्राह्मण र बुद्धका बीच भएको छलफल प्रस्तुत छ ।

एक समय भगवान् बुद्ध राजगृहस्थित वेलुवनमा बसिरहनु भएको थियो । मगधराजका ( बिम्बिसारका ) महामन्त्री वर्षकार ब्राह्मणले भगवान् बुद्ध कहाँ गएर यस्तो भने –

भो श्रमण गौतम, मेरो विचारमा त जो कसैले देखेको घटनालाई "मैले यस्तो देखेछु" भन्छ भने त्यसमा दोष छैन ।



Downloaded from http://dhamma.digital

त्यस्तै जो कोहीले सुनेकोलाई मैले यस्तो सुनेको छु, छोएकोलाई र जानेकोलाई मैले यस्तो जानेको छु भनी भन्छ भने त्यसमा कुनै दोष छैन। मेरो विचारमा त्यस्तो भन्नु ठीक छ। भो गौतम ! यस बारे तपाईंको के विचार छ ?

बुद्ध– ब्राह्मण ! म चाहिं देखेको जम्मै कुरा भन्नै पर्छ भन्दिन। न त भएका कुरा जम्मै भन्नै पर्छ भन्छु। ब्राह्मण ! जुन कुरा बताउँदा भ्रम उत्पन्न हुन्छ, शान्तिलाई खल्बल्याउँछ त्यस्तो कुरा देखेको भएता पनि बताउनु हुँदैन।

ब्राह्मण ! जुन देखेको कुरा नबताउँदा राम्रो काममा बाधा आउँछ र अशान्ति बढ्छ। त्यस्तो कुरो देखेको भए बताउनु हुन्छ। त्यस्तै सुनेका, छोएका र जानेका जम्मै कुराहरूको बारेमा मेरो यस्तै धारणा छ। किनभने जुन सुनेको, छोएको, जानेको कुरा बताउँदा भ्रान्ति उत्पन्न हुन्छ, राम्रो काममा बाधा उत्पन्न हुन्छ त्यस्तो कुरो न बताउनु नै बेस छ। त्यस्तै न बताउँदा राम्रो काममा बाधा हुन्छ र खराब कामलाई बढावा मिल्छ भने त्यस्तो जानेको कुरा बताउनु पर्छ।

यी कुराहरू सुनी टाउको हल्लाउँदै वर्षकार ब्राह्मण आसनबाट उठी फर्केर गए।



Downloaded from http://dhamma.digital

# भूतबारे बुद्धको बिचार

भूत र ख्याक बारेमा बुद्धको बिचार भन्दा पहिले म आफ्नो अनुभवका केही कुराहरू पोख्न चाहन्छु। जब म बालख थिएँ तब मेरा साथीहरूले भन्थे हिजो बेलुकी भूत देख्यौं। मेरी आमाले पनि भन्नुहुन्थ्यो हिजो राती बाटोमा ख्याकलाई भेटें। यस्तो कुरा सुनेर मलाई अचम्म लाग्थ्यो। मनमा लाग्थ्यो डर लागे पनि भूत भन्ने कस्तो रहेछ हेरि हालौं। तै पनि मैले भूत नदेखेकोले बच्चा छँदा नै मलाई लाग्थ्यो कि भूत भन्ने चीज छँदै छैन।

हुन त म जब सानो बालख थिएँ तब भूत नाउँ सुनेर मात्र डर लाग्ने होइन पुलिस र चोरको नाउँ सुनेर पनि डर लाग्थ्यो। चोरको नाउँ सुनेर त अहिले पनि डर लाग्छ। तर त्यस बखत मलाई थाहा थिएन कि पुलिस भन्ने पनि मानिस नै हो। त्यति मात्र होइन चोर पनि मान्छे नै हो भन्ने पनि थाहा थिएन। एक दिन हाम्रो टोलमा पुलिसले चोरलाई समातेको रहेछ, त्यसबेला साथीहरूले भने–जाऊँ चोरहरू समातेर पाटीमा राखेको छ हेरौं। भूत हेर्ने मन लागे



Downloaded from http://dhamma.digital

जस्तै पुलिस र चोर पनि हेर्न मन लागिरहेको थियो। डर मानी मानी गएँ। दुईजना मान्छेहरूलाई हतकडी लगाएर चारजना रातो टोपी लगाइ रहेका व्यक्ति बसेका थिए। अनि मैले साथीसँग सोधें–

"खोइ चोर ?"

ओंलाले देखाउँदै भन्यो–ऊ हतकडी लगाएका देखेका छैनौ।

मैले भनें– उनीहरू त मानिस पो हुन्, कहाँ को चोर हुन् र ?

साथीले भन्यो– तिम्रो बिचारमा चोर भन्ने को ठानेको ?

मैले त भूत जस्तै होला भन्ने ठानेको। मान्छे नैं चोर हो भन्ने थाहा थिएन। त्यही दिनदेखि थाहा पाएँ कि चोर पनि पुलिस पनि मान्छे नै रहेछन् भनेर। ठूलो भै सके पछिसम्म पनि पुलिस देखेर डर लाग्थ्यो। पछि डर बिलाएर गयो किन भने पुलिसले गल्ति काम न गरीकन कसैलाई समात्दैन भन्ने कुरा ज्ञात भयो। पुलिस शब्दको अर्थ नैं अन्याय नगर्ने, अरूलाई पनि अन्याय अत्याचार काम गर्नबाट बचाउने हो। आफूले कुनै गल्ति नै गरेको छैन भनें पुलिस देखेर किन डर मान्नु पर्ने? तर चोर देखि त सधैं भय लागि-रहन्छ। त्यस्तै भूतले पनि मन कमजोरीहरूलाई मात्र सताउँछ र भय देखाउँछ।

मलाई त भूत छ भन्ने विश्वास पनि छैन डर पनि छैन किन कि मैले कहिले पनि भूत देखेको छैन। आफूले न



Downloaded from http://dhamma.digital

देखेकोले ख्याक र भूत छैन भन्दा खेरि धेरै मानिसलाई चित्त बुझ्दन होला त्यसैले म चीनमा छँदा भूतको बारे केही ज्ञान हासिल गरेको कुरा प्रस्तुत गर्न चाहन्छु ।

चीनमा भूत र मृतात्माको खूब बिश्वास गर्छन् । त्यहाँ पनि भूत किचकिनी र कंकालहरूले धेर दुःख दिन्थे रे । तर अहिले त्यहाँ भूत बोक्सी आदि कता भाग कता पत्तो छैन ।

भूतको बारे भगवान् बुद्धको के विचार रहेछ भन्ने तिर एक पटक दृष्टि दिऊँ ।

एकदिन जानुस्सोनि भन्ने ब्राह्मण गौतम बुद्धकहाँ गएर सोधे– हे गौतम ! सबै भिक्षुहरू तपाईंलाई गुरु मानी प्रब्रजित भएका हुन् । तपाईं उनीहरूको नाइके हुनुहुन्छ । तर कुनै कुनै भिक्षुहरू जंगलमा बस्न नसकी डराएर भागेर आउँछन् । उनीहरूलाई भुतले सताउँछ रे । यो कसरी ?

भगवान बुद्धले भन्नुभयो– हे ब्राह्मण ! मन कमजोरहरूलाई त्यस्तै हुन्छ । मलाई पनि बुद्ध हुनु भन्दा पहिले एक्लै जंगलमा बस्न डर लाग्थ्यो । ख्याक आउँछ जस्तो लाग्थ्यो । तब मैले विचार गरेर पत्ता लगाएँ कि ती भिक्षुहरूको वाचा, मन र कर्म शुद्ध छैन । त्यसैले उनीहरूलाई नाना प्रकारको भय उत्पन्न हुने गर्छ र विकार देख्ने हुन्छ । बुद्धले भन्नु हुन्छ– मेरो कर्म, वचन र मन अशुद्ध छैन, आफूले कुनै पापको कल्पना पनि गरेको छैन । यसैले मेरो



Downloaded from http://dhamma.digital

अगाडि भय त्यसै बिलाएर जान्छ। मलाई अलिकति पनि डर लाग्ने भएन ।

हे ब्राह्मण ! १६ (सोह्र) प्रकारको कमजोरी र दोष भएकाहरूलाई भूतले सताउँछ । ती कमजोरीहरूहुन् – १) शरीरको आचरण शुद्ध नहुनु २) वचन ठीक नहुनु ३) मन अशुद्ध हुनु ४) जीविका अशुद्ध हुनु ५) लोभी हुनु ६) मोज मज्जाको आशा हुनु ७) बदला लिने संकल्प गर्नु ८) शारीरिक र मानसिक अल्सीपन रहनु ९) अहंकार हुनु १०) अनावश्यक शङ्का हुनु ११) कंजूस १२) ईर्ष्यालु १३) लाभ र प्रशंसाको ईच्छुक १४) उद्योगहीन, १५) लापरवाही हुनु १६) र मूर्ख हुनु ।

उपर्युक्त सोह्र दोषले गर्दा भूत र भयानक दृश्य देखिने गर्दछ । तर म (बुद्ध) यी सबै विकारबाट मुक्त भएको छु । मलाई अहिले कुनै भय छैन । त्यसैले बुझ्नुपर्‍यो कि भूत आदि विकार के हो भनेर ।

ब्राह्मण ! एक पटक म एक्लै जंगलमा बस्दाखेरि राती स्यार सिर आवाज आउन थाल्यो । यसो हेर्दा त मृग आईरहेको देखें । कहिले कहिले मयूरले रूखको हाँगा र पात आदि झारि दिन्थे र आवाज आउँथ्यो, कहिले कहीं बतासले रूखको हाँगा हल्लिदा र अँध्यारोमा सर्प जस्तो देखिदा नजीक गएर हेर्दाखेरि डोरी भुइँमा त्यसै परिरहेको देखिन्थ्यो । यदा कदा कालो भयानक रूप जस्तो देखिन्थ्यो, अनि नजीक गएर हेर्दा त कालो ढुंगा रहेको पाईन्थ्यो । अनि मनमा



Downloaded from http://dhamma.digital

विचार उठ्थ्यो यही होला जंगलमा भयानक शब्द र दृश्य देखिन्छ र भूत भएर आउँछ भनेको । मन कमजोर भिक्षुहरू डराएर भाग्ने यही कारणले होला । मलाई (बुद्धलाई) डराउनु पर्ने केही कारण छैन । मैले भूत देखेको पनि छैन । यी कुराहरू सुनेंर प्रभावित भई जानुस्सोनि ब्राह्मण बुद्धको शरणमा गए । (मज्झिम निकाय – भय भेरव सूत्र)



Downloaded from http://dhamma.digital

# बुद्धको आर्थिक बिचार

सारनाथमा भिक्षुसंघ स्थापना गरिसकेपछि त्यही जम्मा भइरहेका भिक्षुहरूलाई सम्वोधन गरी गौतम बुद्धले आज्ञा गर्नु भयो–भिक्षुहरू ! हामी सबै बन्धनबाट मुक्त भयौं । अब तिमीहरू चुपलागेर नबस । मानब कल्याणको निमित्त देश देशमा, नगर नगरमा, गाउँ गाउँमा भ्रमण गर्न जानू, एउटै बाटोमा दुइजना नजानू र शुरु, मध्य र अन्तमा कल्याण हुने उपदेश दिन जाऊ । चरथ भिक्खवे चारिकं बहुजनहिताय बहुजन सुखाय लाकानु कम्पाय अत्थाय हिताय सुखाय देव मनुस्सानं (महावग्ग, संयुत्तनिकाय)

तथागतको आज्ञा अनुसार भिक्षुहरू गाउँ गाउँ गएर जे उपदेश दिएका छन् सो सबैले जान्न लायक छ। साधारणतः त्यस वेलाको समाजमा जनता धेरै दरिद्र, अशिक्षित, सफासुघर गरेर बस्न नजान्ने र पथ्य खाद्य प्राप्त नभएकोले निरोगीजनहरू कमै देखिन्थे । उनीहरूमा निर्वाणको कुरा जान्ने शक्ति थिएन । त्यसैले तिनीहरूलाई निर्वाण र अभिधर्मको कुराभन्दा पनि लौकिक उन्नतिको लागि आवश्यक सामान्यज्ञान र सरल ज्ञानका कुराको खाँचो देखिन्थ्यो ।



Downloaded from http://dhamma.digital

वहाँहरूले साधारण जनताको दैनिक जीवनलाई चाहिने उपदेश दिनु भएको कुरा त्रिपिटकमा ठाउँठाउँमा देखाइएका छन् ।

सम्यक् सम्बुद्धले भिक्षु जीवन भविष्यसम्म पवित्ररुपले टिकाउन चार वस्तु चीवर (वस्त्र), पिण्डपात्र (खाना), शयनासन (वासस्थान) र गिलानपच्च (औषधी)यी चारवटा चीज भिक्षु जीवनलाई नभै नहुने भन्ने नियम बनाइ दिनुभयो ।

उपर्युक्त चार चीज नभैकन भिक्षुहरू आफ्नो नियममा टिक्न मुस्किल देखिएकोले नै बुद्धले यस्तो आज्ञा गर्नु भएका हुनु पर्छ । आजकाल त यी चार चीजमात्र पुरा भएर पनि पुग्दैन । शिक्षा पनि अत्यावश्यक छ । यो पाँच चीज भिक्षुहरूलाई मात्र नभै मनुष्य मात्रलाई नै नभै नहुने कुरा हुन् तथापि यी पाँच प्रकारका चीज भिक्षुलाई किन नभै नहुने हो भन्ने कुरामा केही बिचार गरेर हेरौं ।

## मानिस जीवित रहनु कठिन छ

गौतम बुद्धले भन्नुहुन्छ – मानव जीवन दुःखमय अथवा संघर्षमय हो । नमरुन्जेल बाँचिरहनु सारै कठिन छ । जन्मना साथ नमरून्जेललाई खाने पिउने, लगाउने, बस्ने र औषधी गर्ने नभै नहुने कुरा हुन् । यी चार चीज पूरागर्न मानिसले येनकेन जीविका गर्नुपर्छ भन्ने रहस्यको कुरा होइन ।



Downloaded from http://dhamma.digital

बुद्धि बिकासको लागि शिक्षा पनि नभै नहुने कुरा हो । पेटकै लागि मानिसहरूले रातदिन नभनी, घाम पानी नभनी पसीना बगाई काम गरिरहेका हुन् । तत्कालीन भिक्षुहरूको पनि चाहे पानी परेको परोस्, चाहे गर्मा बढेको होस् समय मै पिण्डपात्र लिएर भिक्षा माग्न जानु पर्दथ्यो । अहिले पनि बर्मा र थाइल्याण्ड आदि बौद्ध देशहरूमा भिक्षाटन गई भिक्षुहरू जीविका गरिरहेका छन् । त्यहाँ ध्यानभावना छोडेर पनि भिक्षा जानै पर्ने नियम छ ।

## भोक ठूलो रोग हो

भोक लाग्नु जस्तो ठूलो रोग अर्को छैन । तथागतले प्राणी मात्रलाई खाना नभै नहुने भएर नै यस्तो आज्ञा गर्नु भएको होला । तलका कुराबाट यस विषयमा स्पष्ट थाहा हुन्छ– "सब्बे सत्ता आहारट्ठितिका" संसारको मुख्य प्रश्न के भन्ने सोधाइको प्रत्युत्तर दिनु हुँदै बुद्धले आज्ञा गर्नु भएको हो कि सबै प्राणीहरू खानामा निर्भर छ । यो कुरो वहाँले स्वयं तपस्या गर्नु भएको बेला केही नखाइकन हुँदा आफ्नो शरीर झन झन दुब्लो हुँदै गएको थियो । त्यसबेला शरीरको दुर्बल अवस्थाले गर्दा मानसिक कमजोरीमा बृद्धि हुन आयो अनि चिन्तन शक्ति क्षीण भएर गयो । यति सम्म पनि होश हवास गुम हुन गयो कि आफू कुन ज्ञानको खोजीको लागि राज्य त्यागेर आएको हो भन्ने सम्म पनि ख्याल रहन गएन । पछि होश जागृत हुँदा वहाँले थाहा पाउनु भयो कि खाना



Downloaded from http://dhamma.digital

नखाई शरीरलाई दुःख दिनु असल मार्ग होइन। शरीर बलियो नभै चिन्तन शक्ति स्थिर हुँदैन भन्ने कुरा जानेर ज्ञान प्राप्त नभैकन केही पनि खान्न भनी गरेको अनशनलाई भंग गरी तपस्यालाई त्याग्नु भयो । शरीरमा ताकत आए पछि मात्र वहाँले ज्ञानको मार्ग देख्न सक्नु भयो। बुद्ध हुनु भयो। तत्पश्चात वहाँले चतुआर्य सत्य (दुःख, दुःखको कारण, दुःखको अन्त र दुःख अन्तको बाटो) आर्य अष्टांगिक मार्गलाई यथार्थ रूपले बोध गरिलिनु भयो। त्यही अनुभवले नै भोको मानिसले कुनै पनि ज्ञान हासिल गर्न सक्तैन र नैतिकताको मार्गमा हिड्न पनि सक्तैन भनी आज्ञा गर्नु भएको कुरा उदाहरणको लागि एउटा घटना यहाँ उल्लेख गरिन्छ–

एक दिनको कुरो हो गौतम बुद्ध आलवी भन्ने प्रदेशमा बिहार गरी धर्मो प्रदेश दिइ रहनु भएको थियो। त्यहाँ निकै नै मानिस जम्मा भैरहेका थिए त्यस बेला बुद्धले शुरूमा त्यहाँको परिस्थिति र मानिसहरूको स्वभाव बारेमा अध्ययन गर्नु भयो। आफ्नो उपदेश बुझ्न सक्ने कोही होला के भन्ने विचार गरी हेर्नु भयो। केवल एउटा कृषक मात्र वहाँको उपदेश बुझ्न त्यहाँ देखा पऱ्यो। त्यस बेला त्यो किसानलाई भोक लागेर उसको मानसिक सन्तुलन नभैरहेको थियो। उपदेश सुन्न ऊ ज्यादै उत्सुक छ तर भोकले गर्दा उपदेशको सार लिन सकेन। उसको मनमा खाली खाँने



Downloaded from http://dhamma.digital

कुराको मात्र चिन्तना भइरहने । बुद्धले उनको मनको भाव जानी त्यहाँ उपस्थित समूह सँग सोध्नु भयो- "यहाँ कसैसँग खाने पिउने केही बस्तु छ ? यदि छ भने त्यो छेउमा बसि-रहेको सज्जनलाई खाने कुरा दिनु होस् ।" यो सुनेर त्यहाँ रहेका सबै छक्क परे ।

त्यहाँ कसैले सोधे - "भन्ते, किन तपाईले यस्तो आज्ञागर्नु भएको ?" बुद्धले भन्नु भयो – हो ! त्यो एकजना कृषक धर्मवोध गर्न सक्ने भइरहेको छ, तर अभ्र उरूको विहान देखिनै एउटा गोरू हराएर खाँदै नखाई खोज्न जाँदा जाँदै उसलाई थकाई लागेको छ भोक पनि ज्यादै नै लागि रहेको छ । उपदेश सुन्न पनि उसलाई ज्यादै इच्छा छ, तर भोक लागेकोले त्यसले मेरो उपदेश बोध गरेर लिन नसक्ने स्थितिमा छ किनकि उसको मनमा शान्ति छेन । त्यसैले बुझ्नुपर्छ भोकलाग्नु जस्तो ठूलो रोग अरु छैन – जिधच्छा सदिसो हि रोगो नाम अञ्ञो नत्थि" ।

## दरिद्रता अपराधको मूल कारण हो

भोको मानिसले के मात्र पाप नगर्ला । जव मानिस दरिद्र हुन्छ उसलाई खाने पिउने बस्नु अभाव रहन्छ अनि त्यसले चोरी गर्न थाल्छ, अनि डकैती घूस बेइमानी काम गरेर पनि आफ्नो जीविका चलाउन खोज्दछ । गरीबी र दरिद्रता नै अपराध र भ्रष्टाचारको मूल कारण हो भनेर



Downloaded from http://dhamma.digital

दीर्घनिकाय चक्कबत्ति सिंहनाद सूत्रमा राम्रोसँग बताइ राखेको छ। उदाहरणको लागि यहाँ संक्षिप्त एक उदाहरण प्रस्तुत छ–

गौतम बुद्धले मगधको 'मातुला' भन्ने ठाउँमा विहार गर्नु भयो। त्यहाँ वहाँले भिक्षुहरूलाई सम्वोधन गरेर धार्मिक राजा 'दल्हनेमी' को कथा सुनाउनुभयो जुन राजा चारै दिशाको पनि बिजेता र अधिपति हुन्। तिनले बूढाहुने वित्तिकै आफ्नो छोरा युवराजलाई राज्याभिषेक दिए। यिनीहरूको राज्य सात पुस्तासम्म धार्मिकरूपले चलेर जनता सुखी र आनन्दित थिए। त्यहाँको आठौं चक्रबर्ति राजा स्वेच्छाचारी भएर राज्य राम्रो संचालन गरेन। उनी स्वार्थी भए। उनले राजर्षिहरू कहां गई चक्रबर्तिब्रत सुनेनन्। उनले आफ्नै बुद्धिले पुग्छ भनी तानाशाही शासन चलाउने गरे। उनले प्रजाहरूको आर्थिक अवस्था सुधार गर्ने र उन्नति गर्ने तिर ध्यान राखेनन्। उनी आर्थिक उन्नति गर्ने असमर्थ भए। यसले गर्दा त्यहाँ दरिद्रताको कोप झन झन बृद्धि हुन थाल्यो। दरिद्रताको कारणले चोरी, डाका र हत्या आदि पापाचार बढ्न थाल्यो।

यो कुरा सत्य भनी जानेर आर्थिक उन्नति जनताको हित, सुख र समृद्धिको लागि आवश्यक भएको कुरा वुद्ध र भिक्षुहरूले भन्नु भएको छ। दण्ड दिएर मात्र चोर र डाका आदि अपराधीहरू निर्मुल पार्न सकिंदैन। सांचै नै चोरी



Downloaded from http://dhamma.digital

डकैटी आदि अपराध नहुन दिनलाई त मानिसहरूलाई जीविकाको लागि इलम बन्दोबस्त गरिदिनुपर्छ भन्ने कुरा दीर्घ निकाय कूटदन्तसूत्रमा राम्रोसंग व्याख्या गरिराखेको छ। कूटदन्तसूत्रको सारांश यसप्रकार छ–

तथागत एकदिन मगधमा घुम्न जानु भएको बेलामा खाणुमत्त नामको ब्राह्मण गाउँमा पुग्ने वित्तिकै त्यहीको एउटा आँपको बगैंचामा बस्नु भयो। त्यस बखतमा त्यहाँ कूटदन्त नाउँ भएको एकजना प्रसिद्ध विद्वान् ब्राह्मणले महायज्ञ गर्ने मनमा भाकल गरिराखेको थियो। कूटदन्तले सुनि राखेको थियो कि गौतम बुद्धले सोह्र परिष्कार सहित विविध यज्ञ सम्पदाको बारेमा राम्रोसंग जान्दछ। त्यसले कूटदन्त बुद्ध कहाँ गई प्रार्थना गऱ्यो कि उनलाई तीन प्रकारको महायज्ञ स्पष्ट बुझ्न सक्ने गरी आज्ञा होओस्।

सम्यक् सम्बुद्धले यज्ञ(होम)विधिको व्याख्या गर्दै ब्राह्मणलाई आज्ञा गर्नुभयो – उहिले महाबिजित भन्ने राजाको यज्ञ गर्ने इच्छा भई आफ्ना पुरोहित ब्राह्मणकहाँ गएर प्रार्थना गऱ्यो कि ऊ चारै दिशामा पनि विजय प्राप्त गरेर अधिपति भैसकियो। उ संग असंख्य सम्पत्ति छ। अब उनलाई हित सुख हुने र राज्य संबृद्धिशाली गर्नलाई कुन प्रकारले यज्ञ गर्नु पर्ला? अनि विजित राजालाई सो पुरोहित ब्राह्मणले भन्नुभयो – "महाराजा, तपाईंको राज्यमा चोर डाकाहरूले सर्व साधारण जनतालाई ज्यादै नै सताई दुःख दिइरहेछन्।



Downloaded from http://dhamma.digital

बाटोमा एक्लै हिड्नु हुँदैन। लूटपीट भईरहेछ। यत्रो जनताको हाहाकार भई रोग पीडा र अनेक भयले त्राहि त्राहि भरहेको बेलामा धेरै धन खर्च गरी यज्ञ गर्नु धर्म होइन, अधर्म हो। पुण्य होइन पाप हो।" शायद महाराजलाई यस्तो पनि मनमा पर्न सक्ला – "मैले यी बदमास चोर र डाकाहरूलाई समातेर सास्ति गरौंला, देशबाट निकाला गरौंला, मारेर पठाउँला, कठोर दण्ड भोग गराई कारावासमा राखी उपद्रब नहुने पारौंला।" तर महाराज, यसरी दण्ड आदि दिएर चोर र डांका आदि बदमासहरू नष्ट गर्न सकिन्न। साँचै नै देशबाट चोर र लुटेराहरू समाप्त पारी शान्ति स्थापना गर्ने हो भने आर्थिक व्यवस्था राम्रो गर्नुपर्छ। जसरी – "महाराज, कुनै व्यक्तिले तपाईंको राज्यमा कृषि गर्ने इच्छा गऱ्यो, त्यस ब्यक्तिलाई तपाईंले खेतीको लागि सामान र बीउ बिजन आदि दिएर सहयोग गर्नु पर्छ। कुनै ब्यक्तिले ब्यापार गर्ने इच्छा गरेमा त्यसलाई तपाईंले पूँजी (रास) दिनु पर्छ यस्तै कसैले राजदरबारमा जागीर खान चाहेमा त्यसलाई भत्ता सहित तलब दिनु पर्छ। यस प्रकारले ती मानिसहरू आ-आफ्नो काममा लाग्छन् अनि राजाको देशमा कसैले पनि दुःख दिंदैन। सबैले काम पाएमा आफ्नो काममा संलग्न भई नराम्रो काम तिर चिन्तना गर्ने फुर्सदै हुँदैन। अनि तपाईंको राज्य झन समृद्धिशाली हुन्छ, तब सबै सुख पूर्वक जीविका गरेर बस्ने थिए।



Downloaded from http://dhamma.digital

राजाविजितेल पुरोहित ब्राह्मणलाई हुन्छ हवस् भनी गएर आफ्नो राज्यमा जो जो खेती गर्न उत्साही छन् उनीहरूलाई आवश्यक कृषि औजार बीउ बिजन दिए। जसले ब्यापार गर्ने इच्छा प्रकट गरे उनीहरूलाई पूँजी (रास) दिए। ज-जसले जागीर खाने इच्छा गरे अथवा जागीर खाएर उत्साह देखाए उनीहरूलाई भत्ता सहित उचित तलब दिए। यसरी सबैलाई कामको ब्यवस्था भएकोले देशमा कहीं पनि अशान्ति भएन। कसैले कसैलाई सताएनन्। सबै आ-आफ्नो काममा लागि रहे। सबैले आफ्नो बाल बच्चा सँग नाचेर निश्चिन्त भई जीविका चलाए। (दीर्घनिकाय)

## आवश्यक वस्त्र

मानिसहरूलाई वस्त्र चाहिन्छ भन्ने कसैले नजानेको कुरो होइन। कसै कसैले लुगाको लागि हजारौं रूपैयाँ खर्च गर्न कंजूस नभएका पनि होइनन्। कसैकोही खान खाना नभए पनि लुगाले बाक्स भर्ने र भराउने गर्दछ। जाडो याम र चाडवाड आयो कि विचरा गरीवहरूको लागि हुने सास्तिको कुरा त गरी साध्य छैन। खाना जस्तै वस्त्र पनि नभै नहुने कुरा हो। भिक्षुहरूको लागि बस्त्रको बारेमा बुद्धले स्वयं नभै नहुनेभनी भन्नुभयो र चीवर वस्त्रको बारेमा आफूले बताएको नियम समेत वहाँले हेर फेर गर्नुपर्‍यो।

## बस्ने ठाउँ वा घर

खाने लगाउने आवश्यक भए झैं बस्ने घर पनि आवश्यक हो। ना-ना प्रकारको रोग उपद्रवले बच्नलाई



Downloaded from http://dhamma.digital

जीवन रक्षाको लागि, स्वास्थ्यको लागि पनि घर नभइ नहुने कुरा हो । जंगलीहरू समेत गुफाको शरण लिएर बस्छन् । त्यसैले बुद्धले पहिले बिहार आदि घरमा बस्ने नियम बनाई नराखता पनि पछि भिक्षुहरूलाई बिहारमा बस्ने नियम बनाई दिनुभयो ।

## स्वास्थ्योपचार र औषधी

स्वास्थ्य जीवनको लागि अनिवार्य चाहिने कुरो हो । धन दौलत प्रशस्त भएर पनि स्वास्थ्य ठीक नभई सँधै रोगाहा भएर बस्न परेमा भने त्यसले कुनै सुख अनुभव गर्दैन । धेरै जसो देशमा न जनतालाई स्वास्थ्यको लागि पथ्य आहार नभएर साथै उपचारको पूरा ब्यवस्था नभएर जीवन रोग ग्रस्त गराई, दुःखमय जीवन बिताउन परिरहेछ । बुद्धले अंगुत्तार निकायमा भन्नुभएको छ बिरामीहरूलाई तीन चीजको आवश्यकता छ - उचित पथ्यखाना, उचित औषधी र स्नेही सेवक (सेवाटहलगर्ने) ।

दरिद्रताको कारण उचित र पर्याप्त खाना र औषधी किन्न नसकेर वा बैद्यलाई पैसा (फीस) दिन नसकि धेरै कुष्ट आदि रोगीहरू पनि बुद्धको शरण आएर भिक्षु बन्न गएका छन् । भिक्षु हुन जाने बित्तिकै पथ्य आहार र औषधी निःशुल्क प्राप्त हुने ब्यवस्था भइरह्यो । बिम्बिसार राजाको जीवक भन्ने एकजना बैद्य छ । राजाको आज्ञा हो भिक्षुहरू– लाई निःशुल्क औषधी गरिदिनु । साधारण जनताको औषधी



Downloaded from http://dhamma.digital

गर्ने परेमा जीवक बैद्य भेट्न सजिलो छैन। बिम्बिसार राजाको आज्ञा लिएरमात्र जीवकले अरुलाई औषधी गर्नुहुने। भिक्षुहरूलाई मात्र जहिले पनि औषधी गर्नु हुने। त्यसैले धेरै गरीबहरू औषधी गराउन र स्वास्थ्यलाभको लागि भिक्षु हुन जाने। रोग निको हुने बित्तिकै चीवर छाडेर जाने कुरा विनय पिटकमा भनि राखेको छ।

कुनै कुनै भिक्षुहरूकै पनि आवश्यक पथ्य आहार र औषधी भए पनि हेरबिचार तथा सेवा गर्ने नभएर दुःख भोगी रहेको कुरा पनि छ। एक पटक त गौतम बुद्ध स्वयं आफैले नै एकजना रोगी भिक्षुको सेवा गरेर अरुलाई पनि यस सम्बन्धको मार्ग प्रदर्शन गरिदिनुभएको कुरा महावर्ग विनयमा छ। त्यही घटना यहाँ उल्लेख गरिएको छ।

त्यस बखतमा एकजना भिक्षुलाई पेट दुख्ने रोगले ज्यादै पीडा भइरहेको थियो। उनी आफ्नै मलमूत्रमा नं त्यसै लटपटिरहेछ। अनि बुद्धले आफ्ना सचिव आनन्द स्थविर लिई घुम्न जानुभएको बेलामा ती भिक्षुसँग सोध्नु- भयो – "तिमीलाई के भइरहेको छ ?"

भिक्षु – "भन्ते, मलाई पेट दुख्ने, झाडा हुने रोग भइरहेछ।"

बुद्ध – "तिमीलाई हेरविचार गर्ने कोही छैन ?"

भिक्षु – "भन्ते, कोही पनि छैन।"

बुद्ध – "आनन्द, पानी लिएर आऊ हामीले नै यी रोगी भिक्षुको शरीर सफा गरिदिउँ। यिनको शरीर अपवित्र



Downloaded from http://dhamma.digital

भै रहेछ । आनन्द भिक्षुले पानी ल्याउने बित्तिकै बुद्धले पानीको धारा दिनुभयो, आनन्दले शरीर पखाली सफा गरिदिनु भयो । अनि बुद्धले त्यो रोगी भिक्षुको टाउको समात्यो, भिक्षु आनन्दले खुट्टा र कम्मर समाती उचालेर आशनमा राम्ररी सुताइदिए ।

त्यसपछि यिनै रोगी भिक्षुको बारेमा त्यहाँ भएका भिक्षुहरूलाई जम्मा गरी बुद्धले आज्ञा गर्नुभयो "यहाँ एकजना भिक्षु संचो नभएर भूईंमा आफ्नै मलमूत्रमा लटपटिरहेको कसैले पनि यिनलाई बिचार गरेन, यस्तो किन ?"

भिक्षुहरूले भने – "भन्ते, त्यो एक जना अभिमानी भिक्षु हो, त्यो आफू स्वस्थ भएको बेला अरु संचो नहुनेलाई वास्ता राख्दैन, त्यसैले हामीले पनि त्यसलाई वास्ता राखेनौं ।"

बुद्धले भन्नुभयो – "भिक्षुहरू, अब देखि म भन्दछु – "यो गिलानं उपव्दाति सो मं उपव्दाति" अर्थात् यदि कसैले पनि रोगीको सेवा गऱ्यो भने त्यसले मेरो सेवा गरेको हुन्छ । यस्तै अनुभवव्दरा वहाँले आज्ञा गर्नु भएको छ, "आरोग्य परमा लामा" अर्थात् संसारमा स्वास्थ्यलाभ गरेर बस्नु जस्तो ठूलो लाभ अरु छैन ।

## शिक्षा नभै नहुने बस्तु हो

अध्ययन शिक्षाको अभावले धर्मलाई पनि अधर्म, र



Downloaded from http://dhamma.digital

अधर्मलाई पनि धर्म सम्झेर बस्छ। उपर्युक्त समस्या झन झन जटिल भएर आइरहेछ। जीवनमा उन्नति गर्न नभै नहुने शिक्षा हो। अशिक्षित मानिसबाट भयानक अपराध हुन सक्छ। बुद्धकालीन भिक्षुसमाजमा धर्मश्रवण गर्ने वित्तिकै गेरु बस्त्र लगाई भिक्षु हुन गयो। उनीहरूले युक्ति, अयुक्ति, न्याय–अन्याय जान्दैनथे। अनि नियम उल्लंघन गरेर हिँड्थे। ऊनीहरूको बुद्धिको विकास भएन।"
"पञ्ञा वन्तस्सायं धम्मो" अर्थात् (बुद्ध) धर्म प्रज्ञा अथवा मगज भएकाहरूलाई मात्र मेरो यो धर्म हो भनी गौतम बुद्धले आज्ञा गर्नु भएको छ। (संयुतनिकाय) त्यसैले जीवनलाई शिक्षा पनि नभै नहुनें चोज हो भन्ने कुरा जान्नुपर्दछ अनि मात्र मानिसहरू शिक्षित कहिन्छ।

साँचै नै लोक जनहरूलाई शिक्षित र जाग्रत नगरी, खान पिउन र रहन सहनको परिस्थितिमा परिवर्तन नगरी संयम तथा सदाचार नियम पालन गर्न सजिलो हुनेछैन। अत: यस प्रकारको मध्यम मार्गको अनुसन्धान गर्नु पर्दछ कि जसबाट यो जीवनको समस्या सन्तोष पूर्वक समाधान गर्न सकिन्छ। त्यसैले तथागतले मानवसमाजको लौकिक (भौतिक) जीवन उन्नति र सुखमय गर्नको निमित्त निम्न लिखित चारवटा कारण व्याघ्रपद्यसेठलाई उपदेश दिनुभएको कुरा अंगुतर निकायमा समावेश भैरहेको छ। यी चारवटा वस्तु साँच्चै नै मनुष्य जीवन सुखी अथवा मानवसमाज सुखमय गर्नको लागि नभै नहुने भएको छ–



Downloaded from http://dhamma.digital

(१) उत्साह र अथक परिश्रम ।

(२) सम्पतिको सुरक्षा ।

(३) आम्दानी अनुसार खर्च गर्ने ।

(४) सज्जनहरूको सत्संगत ।

यी चारवटा सम्पत्ति अलि विस्तृत रूपले यहाँ उल्लेख गर्ने गरिएको छ तर यसको महत्व त्यसबेलामा छर्लङ्ग देखिन्छ जुनबेला मनुष्य जीवनको सुख दुःख छन् भन्ने अनाथ पिण्डिक सेठलाई भन्नुभएको उपदेशसँग हामी परिचित हुन्छौं । ती हुन् :–

(१) आवश्यक वस्तु अफूसँग छ भन्नु सुख ।

(२) कमाई गरेको धन आफ्नो इच्छानुसार भोग गर्ने सुख ।

(३) ऋण नपारी बस्ने सुख ।

(४) निर्दोष जीवन सुख ।

अथक परिश्रम– आवश्यक वस्तु आफूसँग हुनलाई परिश्रम विना सम्भव छैन । कारण चूप लागेर बसी देवताले दिन आउँदैन, न मानिसहरूले नै खुवाउन आउँछ । बुद्धको कथनानुसारले कर्ममा छैन भनेर चुप लागेर बस्ने होइन, काम गरेर जानुपर्दछ । त्यसैले व्यक्ति उत्साही हुनुपर्दछ । उत्साही र आशावादी व्यक्तिको अभिलाषा मात्र पूरा हुन्छ, हतोत्साहीको हुँदैन । कुनै व्यक्तिले केही काम गर्छ, त्यसबेला वाधा आएर रोक्न आउँछ । हो कुनै यस्तो वाधा पनि नभएको



Downloaded from http://dhamma.digital

होइन, जुन बाधाले हामीलाई इच्छा नभैकन पनि हट्नु पर्ने हुन्छ । तर प्रायः बाधा भित्र नै सफलता हुने भएकाले जुन व्यक्तिले अगाडि रोक्न आउने कचिङ्गाललाई हताएर वा दबाएर कार्यगरेर लैजान्छ त्यसैले आपनो काम सफल गरेर लिन्छ । त्यसैलाई आवश्यक बस्तु आफूसंगछ भन्नु सुख हुन्छ । परिश्रम विना आवश्यक वस्तु आफूसंग भैराख्नु सुख हो भने त्यो सुख अथक परिश्रम को निर्भर हुन जाने छ । जो सँग अथक परिश्रम गर्ने गुण हुँदैन, त्यसलाई चाहिने वस्तु प्राप्त हुँदैन, अनि त्यसको अन्तरात्मालाई अर्थात् मानसिक शान्ति हुँदैन । तथागतले भिक्षुहरुलाई भन्नुभयो –यदि भिक्षुहरु चरित्रवान् भएर बस्नुपर्दछ भने उनीहरुको लागि वस्त्र, खाना बस्नेठाउँ र औषधी यी चारवटा चीजको आधारभूत रुपमा आवश्कता पर्दछ । बुद्धको बिचार धारा अनुसार उपर्युक्त चार चीज पूरा नभैकन भिक्षुजीवन पनि सफल हुन सक्तैन । यही कुरा अरु साधारण मानिसहरुको लागि पनि लागू हुन्छ । जन्म हुँदै देखि मानव-जीवनलाई खाने-पिउने, लगाउने, बास स्थान र औषधीको आवश्यक हुन्छ । अनि जीवनमा प्रकृति र खाना अनुकुल नभै हुने पीडा रोगबाट मुक्तहुनलाई औषधी नभैकन हुँदैन ।

आफ्नो उन्नतिको लागि अल्सी नभएर उत्साही तथा परिश्रमी भएर काम गर्नुपर्दछ भन्ने कुरा त्रिपिटकमा ठाउँ ठाउँमा बुद्धले आज्ञा गर्नुभएको प्रमाण पाइन्छ ।



Downloaded from http://dhamma.digital

धन उत्पादन गरि परिवार पतन नगराइकन जीविका चलाउनलाई त बिनाश भएर गएको बस्तुहरु पुनप्राप्तिकालागि उत्साह र मेहेनत गर्नुपर्दछ। भत्कन लागेको घर बनाउन जीर्णोधार गर्ने कोशिश गर्नुपर्दछ। खान पिउनमा बढी खर्च गर्नु उचित हुँदैन। दुराचारी अथवा आचरण नराम्रो भएका स्त्री र पुरुष घरको मुख्य हर्ता कर्ता हुनुहुँदैन भन्ने कुरा अंगुत्तार निकाय चतुक्क निपातमा भनिराखेको छ। यदि कुनै ब्यापारीले आफ्नो व्यापारमा सफलता प्राप्त गर्ने हो भने दिन रात परिश्रमी वन्नुपर्दछ। वेच्न पर्ने वस्तुको विषयमा राम्ररी ज्ञान भएको हुनुपर्दछ। यो वस्तु यतिमा खरीद गरी यतिमा विक्री गरेमा यति लाभ हुन्छ भन्ने चिन्तन शक्ति भएको हुनुपर्दछ। यसको मतलब यो होइन कि पाँच रुपियाँ जानेलाई २० रुपियाँमा बेच्ने र मालत ल सुलभ ठाउँवाट दुर्लभ ठाउँमा लगी बेच बिखन गर्ने कुशलता पनि चाहिन्छ। किन्ने एउटा तराजु, बेच्ने अर्कै तराजु गरेर लाभ उठाउन कदाचित् हुँदैन। नाफा खानु हुँदैन भनेको होइन, तर अधार्मिक तरीकाले ब्यापार गर्नुहुँदैन। यस्तो महत्वपूर्ण कुरा वा उपदेश अथवा आर्थिक उन्नति सम्बन्धी विचारधारा सबै अंगुत्तार निकायमा ठाउँ ठाउँमा बुद्धले आज्ञा गर्नुभएको कुरा स्पष्ट छ।

## भविष्यको लागि बचत

मानिसहरू परिश्रम गरेर केही धन संग्रह गर्दछन्। अनि भविष्यको लागि पनि बचाइ राख्नुपर्दछ। त्यसैले त्यस्को



Downloaded from http://dhamma.digital

सुरक्षा आवश्यक हुन्छ । एक त मानव जीवनलाई चाहिने बेलामा आवश्यक वस्तु प्रकृतिबाट तुरन्तै दिँदैन । त्यसैले भविष्यको लागि आवश्यकता तिर लक्ष्य गरेर प्रकृतिले राम्ररी दिने बेलामा लिएर जम्मा गर्नु (सचय गर्नु) आवश्यक छ । अर्कोतिर मानवसंग जहिल्यै भन्ने वित्तिकै आपनो आधारभूत आवश्यकता पूर्ति गर्ने साधन छैन, कसै संग क्षमता हुँदैन, त्यसैले पनि सञ्चय गर्नुपर्दछ, सुरक्षा गर्नुपर्दछ । त्यतिमात्र होइन आफूले कमाएको सम्पत्तिको चार भागको एक भाग दिन भरीमा खर्च गर्ने, दुई भाग आफ्नो इलममा लगाउने र बाँकी एक भाग पछि कुनै आपत विपत अवस्थाको लागि बचाइ राख्ने पनि बुद्धले आज्ञा गर्नुभएको छ ।

ब्यग्धपज्ज सूत्रको अनुसार आमदानी हेरी खर्च गर्न जान्नुपर्दछ । आमदानीलाई सुहाउँदो खर्च गर्नमा जहाँ सुख छ, त्यहाँ नै खर्चको अनुरुप आमदानी नभएमा दुःख छ । त्यसैले त आय पाँच रुपैयाँ भए ब्यय दश रुपिया गरिरहन्छ । यो इच्छा पूर्ति नभएमा हुने असन्तोषले सुखप्रति क्षणिक दवाव ल्याएर विजय हुने भएता पनि आखिरमा यसले गर्दा झनबढी दुःख हुन्छ । कारण यसबाट ऋण पर्ने झंझट आउँछ । अनि त्यो ऋणको दुःखबाट मुक्त हुनलाई आफू परिश्रमीहुनु-पर्‍यो । त्यसैले पहिल्यै दुःख गरेर पछि सुख ल्याउने प्रयत्न गर्नु नै उत्तम छ । भाँडा भराउन केही राख्नु भन्दा अगाडि चुहुने हो वा होइन पहिल्यै हेर्नु नै बुद्धिमानीको चिह्न हो । यो बुद्धिमत्तालाई कार्यबाट सामाजिक मान्यता एकातिर छंन ।



Downloaded from http://dhamma.digital

त्यसैले त मानिसले समाजको अगाडि राख्नु अपमानजनक जस्तो हुने हुन्छ । यसको तात्पर्य पूर्णतः आय हेरी व्ययको सिद्धान्तमा वस्तु साँचैको व्यावहारिक नियम देखिदैन किनभने कुनै देशमा आमदानी पर्याप्त नै हुँदैन, जहाँ गर्ने काम छैन त्यहाँ त्यसै मरेर जानु राम्रो होइन । भनाईको मतलव परिश्रमको महत्तासम्म देखाइराखेको छ । कारण उत्साह र परिश्रम मानिसमा नभएमा, कुनैकाम पनि नपाउने वेलामा त्यसको आर्थिक स्थिति पनि राम्रो निश्चय नै हुँदैन । अनि भ्रष्टाचार घूस प्रथाको वृद्धि भएर जान्छ । जहाँ भ्रष्टाचार, घूसखोरीबाट जीवन बिताउनुपर्ला, त्यहाँ उसको निर्दोषमय नभएको जीवनले त्यसलाई दुःख दिइरहन्छ; आफूलाई आफैले धिक्कारी रहनु पर्ने हुन्छ । पुग्नेसम्म आम्दानी नभएको बेलामा केही न केही उपार्जन चाहिन्छ, काम चाहिन्छ अनिमात्र निर्दोष जीवनको सुख पाइन्छ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

## लेखकको अरू पुस्तकहरू

### नेपाल भाषा

(१) गौतम बुद्ध
(२) बुद्धया अर्थनीति
(३) तथागत हृदय
(४) त्याग
(५) दश संयोजन
(६) भिक्षुया पत्र भाग–१,२
(८) पेकिङ स्वास्थ्य निवास
(९) बौद्ध शिक्षा
(१०) म्हापां याम्ह गुरु सु
(११) माँ बौ लुमन
(१२) हृदय परिवर्तन
(१३) बौद्ध ध्यान भाग–१,२
(१५) बाखँ भाग–१,२,३,४,५,६
(२१) बाखँया फल भाग–१,२
(२३) धम्मचक्कप्पवन सुत्त
(२४) क्षान्ति व मैत्री
(२५) बोधिसत्व
(२६) मूर्खम्ह पासा मज्यू
(२७) श्रमण नारद
(२८) ईर्ष्या व शंका
(२९) चरित्र पुचः भाग–१,२
(३१) योगिया चिठ्ठी
(३२) पालि प्रवेश भाग–१,२
(३४) सर्वज्ञ भाग–१,२
(३६) दुःख मदैगु लँपु
(३७) शिक्षा भाग–१,२,३,४
(४१) भिक्षु जीवन
(४२) पालि रचना

### नेपाली भाषा

(१) नेपाल चीन मैत्री
(२) बुद्धबाद
(३) बौद्ध दर्शन
(४) नारी हृदय
(५) बुद्धको व्यवहारिक धर्म
(६) पञ्चशील
(७) शान्ति
(८) बौद्ध ध्यान
(९) पेकिङ स्वास्थ्य निवास
(१०) बौद्ध संस्कार
(११) निरोगी
(१२) बुद्धको विचारधारा

---

मुद्रक– शोभा भगवती प्रिन्टिङ्ग प्रेस, ढल्को, क्षेत्रपाटी ।

Downloaded from http://dhamma.digital